Berghof Foundation

# पीडितबाट अभियन्तासम्म:

## (संक्रमणकालीन न्याय प्रक्रियामा पीडितहरुलाई परिचालन गर्दा)

साईमन रविन्स र रामकुमार भण्डारी

जुन २०१२



## अनुसन्धान समिक्षा तथा नेफाड (NEFAD) निर्माणका लागि कार्ययोजना

prdu POST-WAR RECONSTRUCTION & DEVELOPMENT UNIT

बेपत्ता परिवार राष्ट्रिय सञ्जाल नेपाल
National Network of Families of Disappeared & Missing Nepal

**विषय सुचि**


| | |
|---|---|
| प्राक्कथन | १ |
| १) परिचय | १ |
| लक्ष्य तथा उद्देश्य | ३ |
| परिवर्तनको साधनका रुपमा सहभागितामुलक कार्य | ४ |
| २) परिणामः परिचालनका कार्यसुचि | ५ |
| वेपत्ता परिवारका प्राथमिकताहरु | ६ |
| परिचालन र पारिवारीक संगठनहरु | ८ |
| पिडितहरुको परिचालन | १० |
| परियोजनाको प्रभाव | १३ |
| ३. कार्यसुचिलाई स्थापित गर्दैः पिडितहरुको परिचालन | १४ |
| पारिवारिक सहकार्यका गतिविधिहरु | १५ |
| ४. नेफाडको कार्ययोजना | २२ |
| सहयोगको आवस्यकता | २५ |

## प्राक्कथन

शुरुशुरुका दिनमा त हामीहरु सबै एक्लै थियौं (.....)। आफ्ना जस्तै समस्या भएका साथिहरुलाई भेट्नु भन्दा अगाडी म निकै निराश थिंए, मेरा समस्याबारे कसैले चासो दिदैनथ्यो । हामीसंग बोल्दा आफै गिरफ्तारीमा परिएला भन्ने डरका कारण पनि मानिसहरु हाम्रा समस्या बारे बोल्न चाहँदैनथे । तर जब हामीले वेपत्ता भएकाहरुका परिवारका एकअर्कालाई भेट्यौं अनिमात्र हामीलाई महशुस भयो कि हाम्रा समान समस्या छन्, हाम्रा उस्तै पिडाहरु छन् । हामी आफ्ना दुःखहरु बाँड्न सक्छौं । हामीले संगै आँसु बगायौं र रोयौं जसले हाम्रा दुःखहरु कम गर्न सहयोग गर्‍यो । त्यसपछि हामीले यो संघ गठन गर्‍यौं । यसले हामीलाई आफ्नाजस्तै समस्या भएको साथिभाई भेट्न सहयोग गर्‍यो । त्यसपछि हामीले धर्ना कार्यक्रम आयोजना गर्‍यौं । जब धेरै साथिहरु जम्मा भए हामीलाई ठुलो राहत मिल्यो । त्यसबेला देखि नै हामीलाई आफ्ना चासोमा संघर्ष गर्न सहास प्राप्त भएको महशुस भयो । (श्रीमान बेपत्ता भएकी एकजना महिला, काठमाण्डौ) ।[1]

यो आलेखमा नेफाड, NEFAD (वेपत्ता परिवारहरुको राष्ट्रिय सञ्जाल, नेपाल) र वेपत्ता परिवारका तिनवटा जील्ला स्तरिय संस्थाहरुसंग मिलेर उनिहरुको परिचालनलाई अझ अगाडी बढाउन गरिएको एउटा अनुसन्धानको समिक्षा गएिको छ । अनुसन्धानले लमजुङ, सुनसरी र बर्दियाका जील्ला स्तरिय पारीवारीक संगठनहरुलाई आफ्ना सदस्यहरुसंग अन्तर्वार्ता लिन, आफ्ना आवस्यकताहरु बुझ्न तथा पिडितका रुपमा आफ्ना आवाज उठाउन उनीहरुलाई परिचालन गर्नमा रहेका बाधा थाहा पाउन सहयोग गरेको थियो । यसको उद्देश्य परिचालनका चुनौतीहरु बुझ्नु र यसलाई ठोस रुपमा अगाडी बढाउनु नै हो । गएको बर्ष जील्ला र क्षेत्रीय स्तरका वैठकहरुबाट तयार पारिएको नेफाडको कार्ययोजना (भाग ४) जसले नेफाडको भावि दिशा ठम्याउन र यस्तो सञ्जाललाई दाताहरुको सहयोग जुटाउन उनिहरुसंग सहकार्यको खोजी गर्न सहयोग पुर्‍याउनु यसको पहिलो उपलब्धी हो ।

## १. परिचय

संक्रमणकालिन न्यायको बहस राजनीतिक हिंसा र द्वन्दबाट भरखर उत्रदै गरेको समाजको आवस्यकता र प्रतिक्रियाका रुपमा उठेको अवधारणा हो । यो राज्यको लोकतान्त्रीकरणलाई जाँच्ने एउटा मान्यता प्राप्त दृष्टिकोण पनि बन्न पुगेको छ । सामान्यतः यसले अन्तर्राष्ट्रिय मानवीय कानून, मानवाधिकार कानून तथा विगतका सत्ताले बनाएका घरेलु कानूनहरुको उल्लंघन बारेमा संस्थागत प्रतिक्रियाहरुको व्याख्या गर्दछ । गरिब तथा बञ्चितहरु नै द्वन्दका प्रमुख शिकार र पिडित रहेका छन् भन्ने कुरालाई व्यापक समझदारी हुँदाहुँदै पनि संक्रमणकालीन न्यायका क्षेत्रमा कामगरिरहेको मुलधारले व्यवहारमा त्यो समुहसंग दिगो सहकार्य गरेको देखिन्न । संक्रमणकालीन प्रक्रिया तथा संयन्त्र (मुद्धा, सत्य निरुपण आयोग, परिपुरणको निर्धारण) जसका माध्यमबाट त्यसले काम गर्ने हो, प्रायजसो, केन्द्रबाट स्थानिय तिर झर्ने र लादिने खालका हुन्छन्ः[2] सम्भ्रान्तहरु द्वारा स्थापित, अझ तीनीहरुबाट जो संक्रमणकाल भन्दा अगाडीको द्वन्दमा संलग्न थिए, जसलाई रैथाने बुझाई र सन्दर्भबारे केही थाहा नभएका अन्तर्राष्ट्रिय दाताहरुको सहयोग थियो । धेरैजसो सन्दर्भमा त पिडित र समुदायसंग गरिने सोधपुछ पनि सतही र चिप्लोघस्ने खालका मात्र थिए । [3] विगतका बारेमा काम गर्दा पिडितहरुसंग संलग्न रहने प्रमाणमा आधारित दृष्टिकोण “सबैका लागि एउटै

---

[1] 1Robins, S. (2009) 'An assessment of the needs of families of the Missing in Nepal', York: PRDU.
(http://www.simonrobins.com/NepalMissingReport-Robins.pdf)

[2] Kieron McEvoy and Lorna McGregor, ‘Transitional justice from below: An agenda for research,
policy and praxis’, in *Transitional justice from below: Grassroots activism and the struggle for change*, ed. Kevin McEvoy and Lorna McGregor (Oxford: Hart, 2008

[3] Patricia Lundy and Mark McGovern, ‘Whose justice? Rethinking transitional justice from the bottom
up’, *Journal of Law and Society*, 35(2), 2008: 265 - 292.

आकारको जुत्ता ठ्याक्क मिल्छ” भन्ने स्थानिय सन्दर्भ र संस्कृतीका विशिष्ट पक्षलाई वेवास्ता गर्ने सिद्धान्तका पक्षमा निरन्तर किनारामा धकेलीयो जसले शान्ती निर्माण प्रक्रियामा आधारभूत रुपमा नै सम्झौता गर्‍यो । यो कमजोरीलाई चुनौती दिदै केही सन्दर्भ तथा कृतीहरु आउन थालेका छन्[4] र पनि केही त्यस्ता व्यवहारिक कमिहरु रहेका छन् जसले समुदायका तहबाट सञ्चालित संक्रमणकालीन न्यायका विचारहरुमाथि प्रश्न उठाईदिन्छन् ।

सामाजिक बञ्चितिकरणले नेपालीहरुको ठुलो हिस्सालाई समाजका धेरै क्षेत्रमा सहभागी हुनबाट रोकेको छ :यसले द्वन्दबाट संक्रमणको कार्यमा पनि प्रभावीत गर्नु आस्चर्यको कुरा होईन । बोलीमा त दाताहरु, युएन तथा नेपालमा सक्रिय रहेका अन्य अन्तर्राष्ट्रिय कर्ताहरु सबैका विच, संक्रमण्कालीन न्याय शब्द खुब प्रयोगमा छ, तर उनीहरुको परिभाषा भने जातीय तथा आर्थिक सम्भ्रान्तहरुको वर्चश्व रहेका मानवअधिकार संगठनहरुमा प्रतिध्वनित हुने गरेको छ, जुन विश्वव्यापी मुल्यबाट हाँकिएको र साँघुरो कानूनवादबाट थिचिएको छ, जसले पिडितहरुका प्राथमिकताहरुलाई वेवास्ता गर्छ ।[5] संक्रमणकालीन न्यायको बहसले पिडितहरुका स्थानिय समुहका कुरालाई भन्दा आन्तरिक तथा विश्व मानवअधिकारका संकथनहरुलाई उद्धृत गर्ने गरेको छ, किनभने एउटा शक्तिशालीहरुद्वारा र अर्को शक्तिहिनहरुद्वारा प्रयोग गरिएको भाषा हो : बहिष्करणको अभ्यास रहेको समाजमा मानवअधिकारजन्य ब्यबहार पनि बहिष्करणजन्य रहन्छ । परिणाम के हुन्छ भने राष्ट्रिय तथा अन्तराष्ट्रिय कर्ताहरुको हस्तक्षेपले पनि पिडितहरुका आवस्यकतालाई कमै स्थान दिन्छन् : विश्लेषणहरु पिडित केन्द्रीत भन्दा पनि बढि कर्ता र हिंसाकेन्द्री हुनपुग्छन् ।[6] नेपालमा संक्रमणकालीन न्यायको वकालत गरिरहेकाहरुले पिडितहरुलाई ससक्तीकरण गर्दै आफै सक्रिय हुन लगाउनु भन्दा पिडितहरुका तर्फबाट काम गर्नमा जोड दिने गरेका छन् ।

संक्रमणकालिन न्यायका क्षेत्रमा हिंसाका परम्पराबाट प्रभावित दृष्टिकोणद्वारा निर्देशित मान्यताहरुलाई चुनौती दिन सक्ने उपायहरु मध्य एउटा चैं पिडितहरुको परिचालन नै हो । यो खासगरि नेपाल जस्तो देशमा सहि ठहरिन्छ जहाँ अधिकांश पिडितहरुको समुह गरिव तथा सामाजीक रुपले बञ्चितिकरणमा परेका छन्, राजधानीबाट सुदुर ईलाकाहरुमा बस्छन्, शिक्षाका अबसर नपाएका तथा आफ्ना अधिकारबारे जानकारी नभएकाहरु छन् । नेपालमा द्वन्द पिडितहरुको सामाजीक आन्दोलन नै संक्रमणकालका सन्दर्भमा पिडितहरुको हस्तक्षेप बढाउने एउटा महत्वपूर्ण संस्था बन्न सक्छ । द्वन्द समाप्ती पछि परिवार समेटिएका यस्ता संस्थाहरुले मुख्यतया बेपत्ताहरुका विषयमा ध्यान केन्द्रीत गर्थे । त्यस्ता पारिवारीक संगठनहरुले पिडितहरुका मागलाई आवाज दिएका थिए, जीवीकाका लागि सहयोगको मागका साथै सत्य र न्यायको पक्षमा वकालत गरेका थिए तथा ऐक्यवद्धता र समर्थनका महत्वपूर्ण संयन्त्र बनेका थिए ।[7]

यो परियोजनाको लक्ष्य सहभागितात्मक कार्य अनुसन्धान विधिका आधारमा पिडितहरुको परिचालनका प्रक्रिया तथा यसका चुनौतीहरुका बारेमा थाहा पाउनु तथा पिडितहरुका पारिवारीक संगठनहरु लाई सहयोग गर्नु हो । यो द्वन्दको एउटा गम्भीर उल्लंघनको विषय वेपत्ता पारिएकाहरुको परिवारमा केन्द्रीत हुनेछ । यसले पिडितहरुको परिचालनका प्रक्रियाका बारेमा गहिरो

---

[4] McEvoy and McGregor, supra n. 2

[5] Robins, S. (2012) 'Transitional justice as an elite discourse: Human rights practice between the global and the local in post-conflict Nepal', *Critical Asian Studies*, 44(1).

[6] जस्तै मानवअधिार सम्वन्धी उच्चायुक्तको कार्यालय, गैर कानुनी थुना सम्वन्धी प्रतिवेदन, महाराजगञ्जको शाहि नेपाली सेनाको ब्यारेकमा २००३ र २००४ मा भएको यातना र थुना काठमाण्डौ, (काठमाण्डौ ओएचसिएचआर, नेपाल २००६), ओएचसिएचआरको वर्दियाका वेपत्ताका बारेमा प्रतिवेदन (काठमाण्डौ ओएचसिएचआर, नेपाल, २००८), ह्युमन राईट वाच र एडभोकेसी फोरम, वेटिङ फर जष्टिसः अप्रकासित, नेपालको शसस्त्र द्वन्दका अपराधहरु (काठमाण्डौः एचआरडब्लु र एएफ, २००८)

[7] Ibid.

संग थाहा पाउन तथा नेपालको संक्रमणकालिन न्यायका प्रक्रियामा उनिहरुको प्रभावलाई अधिकतम रुपमा विस्तार गर्न कतिको ठिक हो भनेर बुझ्ने प्रयास गर्नेछ। धेरैजसो परिवारहरुलाई कानूनी प्रक्रियाका बारेमा जानकारी नै नभएको तथा आफ्ना अधिकारका बारेमा समेत सचेत नरहेको सन्दर्भमा परिचालनको पक्ष फराकिलो सचेतना तथा शशक्तिकरणका साथ आवस्यकतालाई वाणीदिने मात्र होईन अधिकारको भाषा प्रयोग गर्ने गरि भएको अभिव्यक्तिको परिणाम बन्नुपर्छ। आफ्ना श्रीमानहरु बेपत्ता भएपछि जीवीत रहेका महिलाहरु नै वेपत्ताका कारणको पिडा व्यहोर्ने मुख्य पक्ष हुने भएकाले, त्यस्ता पिडितहरुलाई, उनिहरु सहभागि हुन वाधा पुर्‍याउने अवस्थाहरु भएका सन्दर्भमा, परिचालनको माध्यमबाट कसरी सबलीकरण गर्न सकिन्छ भन्ने कुरालाई विशेष प्राथमिकतामा राखिने छ। नेफाड (वेपत्ता परिवार राष्ट्रिय सञ्जाल) जस्तै जील्ला स्तरका संस्थाहरुले आफु पिडित हुनुका अर्थहरुसंगै लैंगिक, जातीय तथा जनजातीय सिमान्तीकरणका कारणले समेत पिडितहरुलाई प्रतिनिधित्व गर्ने उपाय पत्ता लगाउन चुनौतीहरुको सामना गरिरहेका छन्। एकातिर पिडित समुहका बहुसंख्यक सदस्यहरु महिलाहरु छन् तथा पिडितहरुको बहुसंख्या सिमान्तीकृत समुदायका छन् अर्कातिर यसको नेतृत्व गर्नेहरु भने मुख्यतया उच्च जातीका पुरुषहरु रहेका छन्।

अध्ययनले परिचालनको शसक्तिकरण प्रक्रियाको प्रभावलाई, खासगरि महिला र अल्पसंख्यकहरुको सन्दर्भमा बञ्चितिकरणलाई चुनौती दिन र वेपत्ता परिवारको भित्रि तहमा जमेको मनोविज्ञानको निरन्तरतालाई सम्वोधन गर्न बल पुर्‍याउँछ। परियोजनाले पिडितहरु यस्तो परिचालनबाट के चाहन्छन् भन्ने कुराको उत्तर खोज्ने जनजातीय अध्ययन गर्ने सामाजीक सक्रियताका साथै यस्ता समुहमा सामेल हुन के कस्ता चुनौतीहरु छन् तथा यस्ता स्वतःस्फुर्त रुपमा स्थापित समुहको स्थापना र तीनको दिगोपनाका समस्याहरु के हुन भन्ने कुराको समुच्च अध्ययन गर्नेछ। पिडितहरुलाई उनिहरुको समुदायमा नै सहयोग पुर्‍याउनु र सरकारी नीति तथा राष्ट्रिय कार्यसुचिलाई प्रभावित गर्नु दुवै परिचालनको लक्ष्य हो: अध्ययनले अनुभव र अवलोकनबाट प्राप्त सुचनाका आधारमा यी दुवै लक्ष्य प्राप्त गर्न परिचालन कार्यका चुनौतीको मुल्याङ्कन गर्नेछ साथै यसका प्रभावहरुलाई अधिकतम बनाउन रणनीतिहरु तय गर्ने प्रयास गर्नेछ। अनुसन्धाताहरु पिडित कार्यकर्ताहरु र तीनका संगठनहरुलाई गुणात्मक अनुसन्धान पद्धतीका आधारमा उनिहरुका सदस्यको परिचालनको आवस्यकता बुझ्न सघाउ पुर्‍याउन चाहन्छन्। उनीहरु अध्ययनको परिणामले नेफाडको परिचय दाताहरु तथा नेपालका अन्य सम्भ्रान्त कर्ताहरुसम्म पनि विस्तारित होस भन्ने चाहन्छन्। अझ विस्तारमा भन्नु पर्दा अध्ययनले द्वन्द पिडितहरुका समुहहरुको सामाजीक आन्दोलनका रुपमा परिक्षण गर्ने र पिडितहरुको परिचालनलाई द्वन्दोत्तर कालीन सामाजीक आन्दोलनका सिद्धान्तहरुका सापेक्षतामा सान्दर्भिकरण गर्ने प्रयास पनि गर्नेछ।

**लक्ष्य तथा उद्देश्य**

परियोजनाका प्रमुख लक्ष्यहरु निम्न प्रकारका छन् :

- पिडितहरुको परिचालनले कसरी संक्रमणकालीन न्याय सम्वन्धी कार्यसुचिलाई पिडितहरुको पक्षमा प्रभाव पार्न सक्छ भन्ने थाहा पाउनु
- कम आय भएको बहिष्करणमा परेको द्वन्दोत्तर समाजमा पिडितहरुको परिचालनको प्रक्रियाबारे बुझ्नु
- उनीहरुको आपसी सहयोग र पैरवीको प्रभावकारिता वृद्धि गर्दै वेपत्ताहरुका परिवारको परिचालनलाई अगाडी बढाउनु
- पारदर्शी तथा प्रतिनिधित्वमुलक संरचनाका माध्यमबाट पिडितहरुको परिचालन गर्ने नेफाडको क्षमता बढाउनु, तथा दाताहरुको सहयोग प्राप्त गर्ने आधार बनाएर यसको दिगोपना प्राप्त गर्नु ।

अनुसन्धानका सुचिहरु धेरै तहमा लगिनेछन्, नेपालको सन्दर्भमा पिडित समुहरुले संगठनात्मक चुनौतीहरु र पिडित समुदायमा परिचालनको प्रक्रियाबारे जानकारी संकलन तथा त्यस्ता समुहले राष्ट्रिय स्तरमा संक्रमणकालीन न्यायका कार्यसुचिलाई प्रभावित गर्नेछन् भन्ने खोजी गरिनेछ। त्यसैले अनुसन्धानका कार्यसुचिले नीम्न विषयलाई समेट्ने छ :

- सम्भ्रान्त समुहहरुले पिडितहरुलाई कसरी हेर्छन अनि स्वयं पिडितहरुले आफैलाई कसरी बुझ्ने गरेका छन् भन्नेबारे अध्ययन गरि त्यसका भिन्नता थाहा पाउनु

- गाउँले तथा निम्छरा अवस्थाका पिडितहरु कसरी परिचालित हुन्छन् तथा त्यस्तो परिचालनका वाधाहरु के छन् भन्ने पत्ता लगाउनु
- एउटा समाजका निकै नै सिमान्तीकृत समुदायका पिडितहरुलाई परिचालनका प्रक्रिया आफ्नै समुदाय समेतमा कसरी द्वन्दका प्रभावहरुलाई सम्वोधन गर्न सक्ने गरि कसरी सबलिकरण गर्न र सकिन्छ भन्ने थाहा पाउनु,
- वेपत्ता बनाईदाका मनोसामाजीक प्रभावहरुको सम्वोधन गर्न तथा पिडितहरुलाई सहयोग पुर्‍याउन पारिवारीक संगठनहरुको प्रभावकारिताका बारेमा लेखाजोखा गर्नु
- दिगोपना र दाताहरुका विच पहिचान स्थापित गर्दै पिडितहरुका संगठनलाई जील्ला, क्षेत्र र राष्ट्रिय तहमा विस्तार गर्ने
- द्वन्द पिडितहरुको सामाजीक आन्दोलनहरुले राजनीतिक तथा अरु सम्भ्रान्तहरु प्रभावित हुनसक्छन् भन्ने बुझ्दै पिडितहरुका आवस्यकता पुरा हुने परिणाम आउने गरि सम्भावनाहरु बढाउने ।

**परिवर्तनका लागि सहभागितात्मक कार्यमुलक अनुसन्धान**

यो अध्ययन पिडितहरुको दृष्टिकोण बुझ्ने मात्र होईन बरु पिडितहरुको सेवा गर्नसक्ने ज्ञानको उत्पादन गर्नुपनि हो । अनुसन्धानको अर्को प्रष्ट उद्देश्य परिचालन मार्फत शसक्तिकरण हो जसले कार्यमुलक अनुसन्धानको संरचनालाई निर्देशित गर्छ ।
सहभागितालाई ‘अधिकारमा आधारीत दृष्टिकोण’ को एउटा भागका रुपमा ढालिएको छ जहाँ सहभागिता आफैमा एउटा अधिकारका रुपमा हेरिएको छ तथा सहभागितामुलक प्रक्रियालाई परम्परागत रुपमा शक्तिविहिन बनाईएकाहरुलाई शक्तिका रुपमा पुनर्स्थापना गर्नेसाधनका रुपमा बुझिएको छ ।[8] यो त्यस्ता थोरै दृष्टिकोणहरुमा पर्छ जसले द्वन्दोत्तर समयमा विगतसंग सामना गर्ने सन्दर्भमा हुने बहसमा पिडितहरुका आवाजलाई स्थान दिन्छ : सहभागिता संक्रमणकालीन न्याय प्रक्रियालाई बढि समावेशी बनाउने कुरासंग मेल खान्छ तथा त्यस्तो कार्यविधिको पहलका रुपमा काम गर्न सक्छ ।

यो दृष्टिकोणलाई ‘तलबाट माथितिर संक्रमणकालिन न्याय’ तथा ‘यस्तो उपाय पत्ता लगाउने छ जसमा…(…) संक्रमणकालीन न्यायसम्वन्धी काम गर्ने संस्थाहरुको स्वामित्व विस्तार हुनेछ तथा त्यसमा द्वन्दबाट सबैभन्दा प्रत्यक्ष प्रभावितहरुको सहभागितालाई प्रोत्साहित गरिने छ’ ।[9] यहाँ प्रयोग गरिएको सहभागितामुलक विधिको लक्ष्य पिडितहरुको परिचालनका लागि सहयोग गर्नु हो जसले त्यस्तो प्रक्रियामा पिडितहरुको योगदानलाई निरन्तरता दिन र पिडित केन्द्रीत संक्रमणकालिन न्यायको ब्यबस्था गर्नमा अगुवाई गर्न सक्छ : यसैले यसका दुईवटा लक्ष्य छन् पिडितहरुको परिचालनको अनुसन्धान गर्नु र आलोचनात्मक रुपले यस क्षेत्रमा कार्य गरीरहेका अभियन्ता हरुसंग सहकार्य गर्नु ।

दुईदिन सम्म पिडित समुहका सदस्यहरु तथा यसको नेतृत्वमा सक्रिय रहेकाहरुसमेतलाई अर्ध-संरचनागत अन्तरवार्ता विधि सिकाईएको थियो साथै लक्षित समुह छलफल सहजिकरण गरीएको थियो, उनिहरुलाई आफ्नै अनुसन्धानका सामाग्री बनाउन लगाईएको थियो, अनुसन्धाताले प्रस्तुत गरेका कुराहरुका आधारमा अर्धसंरचनागत अन्तर्वार्ताको प्रश्नावली ढाँचा तयार गर्न लगाईएको थियो । यो प्रक्रियाले, अर्धसंरचनागत अन्तर्वार्ता र औपचारिक अनुसन्धान पद्धतीका माध्यमबाट, पिडित समुहका नेताहरु आफ्ना जील्लामा स्थानिय पिडित सदस्यहरुसंग घुलमिल होउन भन्ने

[8] e.g. Cornwall, Andrea (2002), Locating citizen participation, *IDS Bulletin* 33(2).

[9] McEvoy, K. and L. McGregor (2008), Transitional justice from below: An agenda for research,
policy and praxis. In McEvoy, K. and L. McGregor (eds.) *Transitional justice from below: Grassroots activism and the struggle for change.* Oxford: Hart, 5, emphasis in original.

उद्देश्य साथ नीकटबाट हेर्ने अनुसन्धाता तयार पार्नु यसको लक्ष्य हो । लक्षित समुह र अन्तर्वाताको अन्तर्वस्तु अनुसन्धाताको सामान्य मार्गदर्शनबाट, त्यस्ता अनुसन्धाता आफैले तयार पारेका हुन । सिमित स्रोतका कारण अप्ठेरोमा पर्ने गरेको आम पिडितहरु र पिडित समुहका नेताहरु विचको सम्पर्क स्थापित गर्नुको आसय भने पिडितहरुलाई आफ्ना कुराहरु ब्यक्त गर्न र आफ्ना मागहरु राख्न अवसर प्रदान गर्नु हो जसले तीनका नेताहरुलाई उनीहरुको राम्रोसग प्रतिनिधित्व गर्न सक्षम बनाउँछ । यसले तथ्याँकहरुको संकलन पनि गर्छ जसले अन्ततः अनसन्धानका पक्षहरुलाई प्रभावित पार्ने छ । तालीम सकिएपछि यस्ता अनुसन्धानकर्ताहरुलाई रेकर्डरहरु पनि दिईएको थियो तथा उनिहरुलाई नमुना ढाँचा तयार पार्न लगाईएको थियो जसले उनीहरुलाई व्यक्तिगत तथा समुहमा अन्तावार्ता लिने पिडितहरुको छनौट कसरी गर्ने भनेर बुझ्न सघाउँथ्यो ।

गुणात्मक अध्ययन तिन जील्लाका पारिवारीक संस्थाहरुसंग गरिएको थियो, त्यसमध्येका दुईवटा पुराना संस्थाहरु थिए र एउटा भने भरररखरै गठन भएको थियो । यसको समिक्षात्मक प्रस्तुती तालिका १ ले गरेको छ :

| जील्ला | पारिवारिक संस्था | स्थापना मिति | सदस्य संख्या | क्षेत्र | पिडितहरुको जातीय/ जनजातीय स्थिती | पारिवारीक संस्थाको हैसियत |
|---|---|---|---|---|---|---|
| बर्दिया | द्वन्द पिडित समिती (CVC) | २००६ | २०० + | मध्य - पश्चिम तराई | थारु[10] (८०%) | बलिया तर कुनै कोष नभएको |
| लमजुङ | सामाजीक न्याय समिति (CVC) | २००७ | २८ | पश्चिम पहाड | पहाडे उच्च जाती र केही आदीवासी | सानो तर सक्षम |
| सुनसरी | वेपत्ता परिवारहरुको राष्ट्रिय सञ्जाल | २०१० | २३ | पूर्वि तराई | धेरै पहाडी, केही थारु तथा मधेशी | भरखर स्थापित हुँदै गरेको |

तालिका १: अनुसन्धान गरिएका जील्ला स्थीत पारिवारीक संगठनहरुको विवरण :

चार पाँच जना पिडितहरुको एउटा समुह, धेरैजसो पारिवारीक सञ्जालका नेतृत्वसंग सम्पर्क भएकाहरु मध्यबाट लैंगिक, जात जातीगत प्रतिनिधित्व हुनेगरि अनुसन्धाताका रुपमा पिडित समुहबाटै छनौट गरिएको थियो । अर्ध संरचनात्मक अन्तर्वार्ताका अवधारणाबारे जानकारी दिन दुईदिने कार्यशाला चलाईएको थियो जसमा अन्तर्वार्ताको सहभागितामुलक तरिका र त्यसका लक्ष्यबारे पनि बताईएको थियो । अध्ययनको लक्ष्य र अन्तवार्ताको प्रकृतीको निर्धारण सञ्जालको नेतृत्वको सहयोगमा अनुसन्धानमा संलग्न पिडितहरुबाटै निर्धारित गरिएको थियो । यस्ता अनुसन्धानकर्ताहरुले आफ्ना जील्लामा हप्तौंसम्म वेपत्ता परिवारका सदस्यहरुसंग अन्तर्वार्ता गरेर विताए । पारिवारीक संगठनका सक्रिय सदस्यहरु र खासै भूमिका नखेलीरहेका सदस्यहरुको संस्थासंग उपलब्ध नामहरुको सुचिबाटै अन्तवार्ता लिनेहरुको नमुना नाम सुचि तयार पारिएको थियो । रेकर्ड गरिएको अन्तवार्ता नेपालीमा लेखेर तयार पारियो र अनुसन्धान सहयोगीले त्यसलाई अंग्रेजीमा अनुवाद गरेका थिए : धेरैजसो सन्दर्भमा यस्तो लेख्यरुपलाई अनुसन्धानकर्ताहरुले प्रयोग गरेनन् बरु उनिहरुले पिडितहरुसंगका कुराकानी र आफ्नै टिपोटका आधारमा उनीहरुले सुचनाहरुको विश्लेषण गरेका थिए ।

## २. परिणामहरु : परिचालनको कार्यसुचि

यसबारे भेटिएका सबैकुरा समिक्षात्मक रुपमा तालीका २ मा राखिएको छ । ८० जनाको अन्तर्वाता गरिएकोमा ६० जना महिलाहरु थिए जो मुख्यतः वेपत्ता व्यक्तिहरुका श्रीमती र आमाहरु थिए । अनुसन्धानका क्रममा सोधीएका प्रश्नहरुको सुचि दुईदिने कार्यशालाका क्रममा नै तयार पारिएको थियो जसमा तीनवटै जील्लाका अनुसन्धानकर्ताले आफुलाई सबैभन्दा महत्वपूर्ण लागेका विषयलाई विशेष जोड दिएका थिए । अनुसन्धानको जोडका सन्दर्भमा हेर्दा अन्तर्वाताकारहरु र अन्तर्वार्ता दिनेले समेत आफ्ना संगठन भित्रका भन्दा बाहिरका चुनौती र अप्ठेराहरुबारे छलफल गर्न

मनपराएको प्रष्ट देखिन्छ । अन्तर्वाता गर्नेहरुको मुख्य ध्यान पिडितहरुका आवस्यकता तर्फ रहेको देखिन्छ ।

| | | बर्दिया | लमजुङ् | सुनसरी | कुल |
|---|---|---|---|---|---|
| लिंग | महिला | ३३ | १६ | ११ | ६० |
| | परुष | ७ | ४ | ९ | २० ज्ञज्ञ |
| जाती | बाहुन/क्षेत्री | ८ | १७ | ११ | ३६ |
| | दलित | १ | २ | २ | ५ |
| | पहाडे जनजाती | | १ | ७ | ८ |
| | तराई जनजाती (थारु) | ३० | | ( | ३० |
| | मधेशी | १ | | ( | १ |
| वेपत्तासंगको सम्बन्ध | श्रीमान् | २७ | ७ | ४ | ३८ |
| | छोरो | ८ | ७ | ७ | २२ |
| | पीता | | ३ | ३ | ६ |
| | छोरी | २ | ३ | १ | ६ |
| | अन्य | ३ | | ५ | ८ |
| अन्तर्वार्ताका त्रममा भेटिएकाहरुको संख्या | | ४० | २० | २० | ८० |

तालीका २ : अनुन्धानकर्ताले जील्लाहरुमा भेटेका परिवारका सदस्यहरुको तथ्याङ्क ।

### वेपत्ता परिवारका सदस्यहरुका प्राथमिकताहरु

पिडितहरुसंग संक्रमणका सन्दर्भमा उनीहरुका प्राथमिकताहरु के हुन भन्नेबारे बुझ्ने प्रयासहरु भएका भएपनि ती पर्याप्त थिएनन् तथा झाराटार्ने खालका मात्र थिए । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवअधिकार संस्थाहरुले लामो समय देखि पिडितहरुको प्रतिनिधित्व गरिआएको दावी गरेका थिए । तर व्यबहारमा भने त्यस्ता संस्थाहरुको प्राथमिकताले पिडितहरुले औंल्याएका व्यापक कार्यसुचिसंग मेल खाएको देखिएन । वेपत्ता बनाइएकाहरु र संक्रमणका बारेमा नेपाली मानव अधिकारवादीहरुको एउटा प्रकाशनको अध्ययनले पनि यहि निष्कर्षलाई समर्थन गर्छ : त्यसमध्यको एउटाको[10] आठवटा मुख्य सुझावहरु सवै अपराधीकरण, मुद्धा र दण्डहिनताको अन्त्यका वरपर घुमेका छन्; अर्को चाहिँका १० वटा सुझावहरु[11] केही सुझावहरु वेपत्ता बनाउने कार्य रोक्ने संयन्त्रको चर्चा गर्छन भने धेरैजसोले मुद्धामामिलाका कुरा गर्छन जसलाई वेपत्ताहरुका परिवारका चासोका बारेमा कुनै वास्तै देखिन्न । दुवैले न्यायलाई साँघुरो र कानुनी प्रक्रीयाका रुपमा हेरेका छन्; विश्लेषणहरु पिडितहरुका आवस्यकता केन्द्री होईन दोषी खोज्ने र उल्लंघन केन्द्रीत छन् । संक्रमणकालका कार्यसुचि निर्धारण गर्दा पिडितहरुका संस्थालाई वेवास्ता गर्ने मात्रै होईन यो साँघुरो दृष्टिकोणले पिडितहरुका रुपान्तरणकारी मागलाई पनि अस्विकार गर्छन् ; यो नै यस्तो संक्रमणकालीन न्याय हो जसले महिला तथा सिमान्तकृत समुदायलाई अझ गरिवी र वहिस्करणतिर धकेल्ने अवस्थाहरु, जुन आफैमा अधिकार उल्लंघन हो, लाई चुनौती दिनुको साटो उल्लंघनका प्रभावहरु झन बढाउँछन् ।

---

[10] Human Rights Watch and Advocacy Forum. 2008. *Waiting for justice: Unpunished crimes from Nepal's armed conflict*. Kathmandu: HRW and AF.

[11] INSEC, 2008 *Impaired accountability: State of disappearance in Nepal*. Kathmandu: INSEC.

अन्तर्वार्ताले परिवारका सदस्यहरुलाई वेपत्ता हुनेका आफन्त हुनुका प्रभावहरुलाई कार्यमुलक ढंगले सम्बोधन गर्ने गरि आफ्ना भावनाहरुलाई वाणिदिने अवसर प्रदान गर्‍यो । तलको तालीका ३ ले परिवारहरुले वेपत्ता भएका कारण उत्पन्न समस्यालाई सम्बोधन गर्न आफ्ना लक्ष्य र आवस्यकता बारे व्यक्त गरेका कुराको समिक्षा प्रस्तुत गर्छ ।[12]

| लक्ष्य/आवस्यकता | प्रतिशत |
|---|---|
| आर्थिक कुरा/ गरिवी/जीवीका | ७९ |
| परिवारका सदस्यका बारेमा सत्य सुचना | ७३ |
| अपराधीलाई दण्ड | ३३ |
| न्याय | २५ |
| सामाजीक सरोकार जस्तै लान्छना | २३ |
| संवेगात्मक पिडा/मनोवैज्ञानिक चोट | १३ |

तालीका ३ : परिवारका सदस्यहरुले एकभन्दा बढि मुद्धा गज्जवले उठाउने गरेकाले अन्तर्वाताका क्रममा पहिचान गरिएका वेपत्ताका कारण उत्पन्न भएका समस्याहरु ।

अन्तर्वाताका क्रममा परिवारका सदस्यहरुले गरेका कुराबाट उद्धृत अंशहरु जसले नीम्न प्राथमिकतामा जोड दिएका थिए :

जव मेरा श्रीमान वेपत्ता हुनु भयो तव मैले परिवारमा धेरै समस्याको सामना गर्नु पर्‍यो । एउटी जवान उमेरकी महिला भएकाले मैले साँस्कृतीक रुपमा परिवार तथा समाजमा धेरै समस्याको सामना गर्नु पर्‍यो । वेपत्ता भएपछि संस्कारका कुरा, सम्पत्तीका कुरा र अरु पारिवारिक व्यबहारका कुरा सबै गञ्जागोल भए । जव परिवारका सदस्य विरामी पर्छन या अरु स्वास्थ्य सम्वन्धी समस्या आउँछ तव बच्चाहरुको पढाईमा बाधा पर्छ । बाँच्नका लागि मैले दैनिक ज्यालादारी काम गर्नुपर्थ्यो । दैनिक जीवनका सबैभन्दा प्रमुख चुनौती त आर्थिक समस्या नै हुन् । (BS014)

वेपत्ताहरुको अवस्था सार्वजनीक गर्नैपर्छ किनभने म मेरो छोरो किन, कहाँ र के कारणका लागि मारियो भन्ने जान्न चाहन्छु (...) । शहिदका परिवारले त उनिहरुको बारेमा थाहा पाए र काजक्रिया पनि गरे तर वेपत्ताका परिवारले अहिले सम्म पनि उनिहरुका सदस्यहरु मारिई सके कि जीवीत छन् भन्ने पनि थाह पाउन सकेका छैनन् । (BB016)

माथिका भनाईहरुले देखउँछन् कि आजीवीका, वेपत्ता व्यक्तिका बारेमा सत्य सुचना र दोषीमाथि कार्वाहि नै वेपक्ता परिवारका लागि महत्व राख्ने कुरा हुन । यसले यस अगाडीका अध्ययनमा परिवारले राखेका आवस्यकताका दायरालाई नै पुष्टि गरे;[13] संक्रणकालिन न्यायका कार्यसुचिहरुमा

[12] Note that families typically mention more than one issue, and as a result this table sums to more
than 100%.

[13] Robins, supra n.1 at 2.

नरहेका सामाजीक तथा संवेगात्मक विषयहरु नै महत्वपूर्ण रहेका छन् : ३२ प्रतिशत महिलाले के बताए भने उनिहरु महिला भएकै कारण आफन्त वेपत्ता भएपनि सामाजीक लाञ्छना र विभेद सहनु परेको छ ।

**पारिवारीक संगठनहरुको परिचालन**

तालीका ३ मा व्यक्त भएजस्तै परिचालनको पहिलो लक्ष्य वेपत्ता परिवारका आवस्कयता सम्वोधन गर्ने गरि कार्यहरु अगाडी बढाउनु भनि पहिचान गरिएको थियो । यी आवस्यकताहरु यस अगाडीका अध्ययनसंग पनि मिल्न गएका थिए जसले आफ्ना पृयजनको अवस्थाका बारेमा थाहा पाउनु र आजीवीकालाई जोड दिईएको थियो : दुवैमा यस्ता प्रश्नको सम्वोधनका लागि वकालतलाई मुख्य बाटो स्विकार गरिएको छ, यसका साथै पारिवारीक संगठनहरुले चैं परिवारलाई आर्थिक तथा अरु पक्षमा सहयोग जुटाउन पनि एउटा महत्वपूर्ण कार्य ठहर्याईएको छ । परिवारहरुले आफुजस्तै वेपत्ताका अरु परिवारसंगको सम्वन्ध र ऐक्यवद्धताको महत्वका बारेमा पनि छलफल गरेका थिए ।

परिवारहरुले परिवारिक संगठनहरुलाई अरु संस्थाहरु भन्दा भिन्न, संक्रमणकालिन न्यायका प्रक्रिया बारे सुचना दिने तथा सम्भावित सेवा तथा सुविधाबारे भरपर्दो र ठोस सल्लाह दिने संस्थाका रुपमा लिएका थिए ।

पारिवारीक संगठनहरुले परिवारका सदस्यहरुलाई भेट्नुपर्छ, उनिहरुलाई आफ्ना अधिकार पाउन सक्षम बनाउनुपर्छ, तथा सम्पूर्ण प्रक्रियाका बारेमा पनि बुझ्नुपर्छ । सुचनाको महत्वपूर्ण भूमिका छ जसविना हामीहरु प्रक्रियाका बारेमा बुझ्न असमर्थ हुन्छौं, पारिवारीक संगठनले हाम्रो आफ्नै अभियानमा परिवारहरुलाई परिचालन गर्न सकारात्मक भूमिका खेल्न सक्छ । मलाई अरु संगठनमाथि कत्तिपनि विश्वास छैन, तीनीहरु आउँछन्, केही प्रश्न सोध्छन् र फेरि फर्केर आउँदैनन् । हामीले आफ्नै संगठनलाई बलियो बनाउनु आवस्यक छ अरुले हाम्रो प्रतिनिधित्व गर्न सक्दैनन् । (BL015)

**पारिवारीक संगठनहरुप्रतिको दृष्टिकोणः**

धरै परिवारहरुले आफ्ना जील्लाका पारिवारीक संगठनहरुप्रति पुर्ण विश्वास र चासो रहेको कुरा तथा आफ्ना विभिन्न खाले आवस्यकताका बारेमा यसले मुख्य भूमिका खेल्न सक्छ भन्ने आसा गरेको बताए ।

तालिका ४ मा अन्तवार्ताका क्रममा भेटिएका परिवारसंग कुराकानी र नेतृत्वका बारेमा उनीहरुको भनाईलाई ब्यक्त गरिएको छ :

| पारिवारीक संगठनहरुसंगको संलग्नता | संख्या | प्रतिशत |
|---|---|---|
| सक्रिय | २७ | ३४ |
| संलग्नता छ | २० | २५ |
| थाहा छैन/भाग लिएको छैन | १२ | १५ |
| नेतृत्व प्रतिको दृष्टिकोण | | |
| नेतृत्व ठिक छ | ४४ | ५५ |
| नेतृत्व ठिक छैन | २ | ३ |

तालीका ४ : स्थानिय पारिवारिक संगठनहरुप्रतिको दृष्टिकोणबारे अनसन्धानकर्ताहरुसंग भएको कुरा माथी उल्लेखीत तथ्याङ्कले यस्तो देखायो की जम्मा एकतिहाई परिवारहरु मात्र स्थानिय

पारिवारीक संगठनहरुमा सक्रिय छन् १५ प्रतिशतलाई त यस्ता संगठनहरु भएको पनि थाहा छैन । आफुलाई सक्रिय बताउनेहरु मध्यका ४ जना बाहेकका सबै बर्दियाका थिए जहाँ सिभिसि राम्रोसंग स्थापित छ, यता जो स्थानिय पारिवारीक संगठनबारे अनभिज्ञ थिए या त्यसम भागलिईरहेका थिएनन्, धेरैजसो सुनसरीका थिए जहाँ पारिवारीक संगठन भरखर स्थापित हुने क्रममा छ । परिचालनलाई अझ राम्रो बनाउने कुरा मुख्यत यसबारे थाहा पाएर पनि सहभागि नभएकाहरुका विचार बुझेर काम गर्नुमा रहेको छ ।

सिभिसि बर्दियाका अधिकांस पिडितहरुबाट पत्याईएको छ  भन्ने तथ्य सदस्यहरुको प्रतिक्रियाले व्यक्त गर्दछ ।

यो संस्थाले हामीलाई राम्रोसंग एक बनाएको छ र दवाव दिन्. सुरु गरेको छ । सिभिसीले पिडितहरुका बारेमा सुचना संकलन गर्छ र हामीलाई जानकारी दिन्छ, हाम्रा समस्या र मागहरु सुन्छ । संस्थाका प्रतिनिधिहरु हामीलाई नेतृत्व गर्छन तर हामी नै सक्रिय हुन सक्दैनौ र आसु बगाइरहन्छौं । उनीहरु संगठनका प्रतिनिधिले राम्रो नेतृत्व गरिरहेकोम विश्वास गर्छन । उनीहरुको बानी व्यहोर राम्रो छ । तीनीहरु नयाँ नयाँ सुचना ल्याउँछन् र नयाँ के के भएको छ भन्ने बारे कुरा गर्छन । पारिवारिक संगठनसंग पिडितहरु खुशि छन् । CVC(BB001)

लमजुङ् र सुनसरीमा धेरै परिवारका सदस्यहरुले पारिवारीक संगठनप्रति आफ्नो समर्थन रहेको बताउँदै संगठन सक्रिय नभएकोमा चासो व्यक्त गरेका थिए । केहीले यस्तै गरिवि रहिरहने हो भने पिडितहरुलाई संगठनका गतिविधिहरुम भागलिईरहन मुश्किल पर्ने छ भन्ने विचार राखे ।

मलाई थाहा छ सिएसजेले हामीलाई धेरैपटक भेला र छलफलमा बोलायो तर खर्चपर्चमा सहयोग गरेन । तीनीहरु हाम्रा समस्याबारे कुरा त गर्छन तर समाधान गर्दैनन् । मलाई मानवअधिकार बारे थाहा छैन, म आफ्ना समस्या र सहयोग चाहिएको बारेमा जान्दछु तर पारिवारिक संगठनहरुबाट केही सहयोग पाएको छैन । (BL015)

**पारिवारिक संगठनको प्रभाव**

स्रोत र साधन तथा गतिविधिको सिमितताका बावजुद पारिवारीक संगठनहरुले प्रभाव पार्न सक्छन् भन्ने कुरा प्रष्ट छ जसलाई सिभिसि बर्दियाका का बारेमा परिवारहरुले कस्तो विचार राखेका छन् भन्ने कुराले पनि देखाउँछ, सो कुरा तालीका ५ बाट छर्लङ्ग हुन्छ :

| सिभिसिको प्रभाव | प्रतिशत |
|---|---|
| जीवीकाका लागि सहयोग गर्छन् | ७८ |
| पिडितका कुरा सुन्छन् | ५५ |
| सुचना दिन्छन्/थाहा पाउन सहयोग गर्छन | ५३ |
| अरु संगठनसंग सम्वन्ध बनाईदिन्छन् | ३८ |
| पिडितहरुलाई लाञ्छना लाग्न कम गराउँछन् | २० |
| पिडितहरुलाई एकताबद्ध पार्छन् | १८ |
| प्रशासनलाई दवाव दिन्छन् | १० |

तालीका ५ : अन्तर्वाताका क्रममा भेटिएका पिडितहरुले बर्दियाका पारिवारिक संगठन सिभिसिका प्रभाव देखाउने गरि व्यक्त गरेको धारणा

सिभिसिलाई पिडितहरुका कुरा सुन्ने र उनीहरुका आवस्यकतालाई सम्वोधन गर्ने या उनीहरुका तर्फबाट वकालत गरिदिने अरु संगठनहरुसंग सम्पर्क गराईदिने संस्थाका रुपमा हेरिएको थियो । काठमाण्डौमा आधारित अन्य मानवअधिकारवादी संस्थाहरुको यी परिवारसंग खासै सम्बन्ध सम्पर्क छैन तथा तीनले परिवारहरुका कार्यसुचिलाई प्रतिनिधित्व पनि गर्दैनन् भन्ने कुरा यो अध्ययनमा प्रतिविम्वित भएको छ ।

स्थानिय पिडितहरुलाई एकआपसमा सहयोग गर्ने ठाउँ पनि यसले प्रदान गरेको थियो । तथ्याँकहरुले के पनि प्रष्ट देखाए भने पारिवारीक संगठनहरुले महिलाहरुलाई सहयोग गर्न र खासगरि लाञ्छित गर्ने सामाजीक दृष्टिकोण परिवर्तन गर्ने महत्वपूर्ण काम गर्न सक्छन् । ति परिवारका भनाई यस्ता थिए :

हामी सिभिसिलाई विश्वास गर्छौ । यो संगठनले ग्रामिण भेगका मान्छेहरुलाई पिडितहरुका पक्षमा गरिने गतिविधि बुझ्न सहयोग गर्छ । पहिलेको तुलनामा पिडितहरुलाई तिरस्कार गरिने क्रम घटेको छ किनभने उनिहरुले पनि पिडितका समस्या बुझ्न थालेका छन् । (BB001)

सिभिसिले पिडितहरुलाई दोषी र अरुका विच भिन्नताको रेखा कोर्न पनि सिकाएको छ जसले परिवारहरुलाई उनीहरुका साझा आवस्यकता छन् र आफ्ना भिन्न राजनीतिक आस्थाका विच पनि उनीहरु सहकार्य गर्न सक्छन् । अन्तवार्ताका क्रममा पारिवारीक संगठनमा परिवारहरुलाइ संगठित गर्ने काम आफै शान्ती निर्माण गर्ने कामको एउटा हिस्सा हुनसक्छ भन्ने कुरा व्यक्त भएको थियो :

(पिडितहरुको) सञ्जालले हामीलाई एकगठ गरिरहेको छः यो शान्ती तथा मेलमिलापकै एउटा प्रक्रिया हो । (SS004)

यसले देखाउँछ कि पारिवारिक संगठनहरु कुनैपनि प्रकारका प्रक्रियाका स्थानिय पुरक शक्ती बन्न सक्छन् जस्तो सत्य निरुपण तथा मेलमिलाप आयोग, जसले धेरैजसो ग्रामिण भेगका पिडितहरुको पँहुच भन्दा निकै टाढा राजधानीमा बसेर काम गर्नेछ । सिभिसि 'सामाजीक सद्भावना बहस' का माध्यमबाट यस्ता कामहरुलाई अरु विस्तार गर्ने सम्भावनाको खोजीमा छ, जसमा सिभिसि सामुदायीक तहमा पाका पुराना अगुवाहरुको सहयोगमा समुदायहरुमा रहिरहेको द्वन्दको प्रभावबारे छलफल गर्ने कामको नेतृत्व गर्छ । यो काम भने आर्थिक अभावमा अलि अप्ठेरोमा छ ।

**पिडितहरुको परिचालन्**

तथ्याँकले पिडितहरुको परिचालनका लागि अनुकुलता र वाधा सिर्जना गर्ने तत्वहरुलाई चियाउन सहयोग गर्छन । अब त्यसमा छलफल गरिने छ : पुर्ण प्रतिवेदनमा सामाजीक आन्दोलनका सिद्घान्तमा यो छलफलबारे चर्चा गरिएको छ ।

**पिडितहरुको पहिचान र सहकार्य**

पिडितावस्था कसैको आक्रमणबाट क्षती हुनबाट निसृत हुने कुरा होईन बरु सामाजीक रुपमा आरोपित गरिने कुरा पनि हो, कसलाई पिडित मान्ने भन्ने कुरा पनि धेरै खाले निर्धारक तत्वहरुले निस्चित गर्छन । परम्परावादी समाजमा, जहाँ धेरैजसो पिडितहरु बसोबास गर्छन, पिडितको सामाजीक दुनियालाई प्रतिविम्वित गर्ने अनिवार्य स्थानिय प्रक्रिया हुन्छन् । यसमा पिडितहरुले आफ्नो परिचयलाई कसरी ग्रहण गरेका छन् तथा त्यसलाई परिचालन प्रक्रियासंग कसरी तालमेल मिलाउन सकिन्छ भन्ने बुझ्न प्रयास गरिनेछ । अन्तवार्ता क्रममा परिवारका सदस्यहरुलाई उनीहरु आफु पिडित हुनुलाइ कसरी लिएका छन् भनेर सोधिएको थियो, त्यसको उत्तरलाई तल तालीका ६ मा देखाईएको छ :

| पहिचानबारेको धारणा | प्रतिशत |
|---|---|
| पिडित | ७९ |
| महिला | ३५ |
| राजनीतिक पहिचान/शहिद परिवार | १० |
| जात/जाती | ९ |

तालीका ६ : अन्तर्वाताका क्रममा परिवारका सदस्यहरुले व्यक्त गरेको आफ्नो पहिचान बारेको धारणा

बहुसंख्यकले आफुलाई *पिडित*का रुपमा बुझ्ेका रहेछन् : पिडितको पहिचानलाई सरकारसंग दावी गर्ने अधिकार दिएको मानीदो रहेछ । तथापी एउटा महत्वपूर्ण कुरा, महिलाहरुको आधा (४७%) संख्याले के बुझ्ेको पाइयो भने उनीहरु महिला भएकै कारणले वेपत्ता हुनुको परिणाम भोगीरहेका छन्, पिडित भएका छन् । यो कुरा खासगरि वेपत्ता व्यक्तीका श्रीमतीहरुमा लागु हुन्छ ।

हाम्रो सामाजीक संरचनामा, श्रीमान नभएको जीवन धेरै पिडा र दुःखले भरिएको हुन्छ । पारिवारीक र संस्कारजन्य समस्या हुन्छन् : मैले श्रीमान नभएकी महीला भएकै कारणले धेरै पिडा अनुभव गरेकी छु । मेरो संसार र पहिचान यहि घटनाले बदलिदिएको छ, म परिवार र समाजमा अलग पहिचान र भूमिकाका लागि संघर्ष गरिरहेकि छु । (BL001)

दश प्रतिशतले आफ्नो पहिचानलाई राजनीतिक भाषामा, माओवादीका रुपमा बुझ्ेका रहेछन् जसको पिडित हुनुको पक्ष निश्चित मुल्यसंग गाँसिएको थियो । त्यस्तै संख्यामा अर्को समुहले आफ्नो अवस्थालाई जातीय/जनजातीय पहिचानसंग गाँसेका रहेछन्, खासगरि आदीवासी थारु, दलित र मधेशीका हकमा यो लागु भएको पाईयो ।

पिडितहरुको लक्ष्य पिडितहरुको पहिचानलाई निष्क्रिय, नकारात्मक जस्तो पहिचानबाट रुपान्तरण गरि सकारात्मक रुपान्तरणको भूमिकामा, राज्यसंग दावी मात्र गर्ने शक्तिबाट द्वन्द पिडितका रुपमा र व्यापक अर्थमा लामोसमय देखि कायम विभेदको अन्त सहित सामाजीक सम्मानको माग गर्नेमा बदल्नु थियो । एकजना पिडितले “कार्यबाट रुपान्तरण” भैरहेको र त्यसलाई परिचालनले सम्भव बनाएको बताए : पिडितका रुपमा बुझ्िनु तर त्यस्तो पहिचानलाई सकारात्मक रुपमा लिने सुनिस्चितता गर्नुलाई उनले “मनोवैज्ञानिक उपचार” का रुपमा लिएको बताईन । यसले सामाजीक रुपले परिभाषित पहिचान तथा परिवार केन्द्रीत बुझ्ाईलाई पारिवारीक संस्थाहरुको परिचालनको केन्द्रीय कामका रुपमा राख्छ । सम्भवतः परिचालनको सबैभन्दा नाटकीय प्रभाव एउटी महिलाको व्यक्तिगत रुपमा क्रान्तीकारी रुपान्तरणमा अभिव्यक्त हुन्छ जसले परम्परागत रुपमा परिभाषित पहीचानलाई चुनौति दिईरहेकी छन् : पिडित परिचय गम्भीर रुपमा शसक्तीकरणको माध्यम बन्न सक्छ । यसले देखाउँछ नयाँ पहिचानले कसरी विगतसंग विच्छेदनको माग गर्छ र परिचालनबाट निस्केका कार्यसुचिलाई केवल परिचालनका लागि मात्र होईन समुदायमा महिलाहरुको अवस्थाको सामना गर्न पनि सघाउछ ।

जव तिनिहरु पहिलो पटक पारिवारीक संगठनमा प्रवेश गरे उनीहरु दिनभर रुन्थे । तर तीनीहरुले विस्तारै बुझ्े कि यो उनीहरुको मात्र नभएर यस्तो संगठनमा संलग्न हुने सबैको हो (...) । अहिले तीनीहरु अफ्ना समस्यामा मात्र होईन त्यहाँ आउने अरुका मुद्दामा पनि सामुहिक चिन्ता गर्न थालेका छन् । उनीहरु सबैलाई सबै वेपत्ताका बारेमा चासो हुन्छ तथा उनीहरु आफ्ना पिरहरु अरुसंग साट्छन् । अहिले उनीहरु आफुलाई कमजोर ठान्दैनन् (...) । यी आमासंग कुरा गरौं : बाटोमा एक्लै हिन्दा पनि उनी रोईरहेकै हुन्थिन । जव उनी यो संगठनमा प्रवेश गरिन् उनको स्वर चर्को हुन थालेको छ, उनलाई आफ्नो कुरा सुनाउन कुनै माईक चाहिदैन । उनलाइ थाहा छ उनले आफ्नो अधिकारका लागि लड्नै पर्छ; मागेर पाईंदैन । त्यसैले उनका आँखाबाट आँसु झ्रिरहेकै भएपनि, मुखबाट आवाज निस्किरहेकै छ । उनको स्वर बलीयो छ । उनी भन्छिन्, ‘ या त मेरो छोरो फिर्ता देउ, नत्र म तिमिहरुलाइ नै एउटा बम पड्काएर सखाप पार्छु ।’ वेपत्ताका परिवार यसरी सहासी भएका छन् । ( काठमाण्डौको पारिवारीक संगठनका नेता)

जहाँ सामुहिक कार्यको अनूभव साँच्चै राम्रो छ त्यहाँ तथा जहाँ परिरचालनको न्युनत उद्देश्य पनि पुरा भएको छैन त्यहाँ पनि, सामाजीक परिचालन सामजीक रुपमा रुपान्तरणकारी, महिला तथा बञ्चितहरुका परम्परागत अवस्थाप्रति बढि चुनौती खडा गर्ने खालको हुन सक्छ, ।

**प्रतिनिधित्व, सहभागिता र शसक्तिकरण**

पारिवारिक संगठनहरुमा प्रतिनिधित्वको सवाल एउटा मुद्धाका रुपमा रहिरहेको छ । महिला, दलित तथा अरु अल्पसंख्यकहरु सबै तहका नेतृत्वमा एकदमै कम संख्यामा छन् ।[14] सबैभन्दा बढि प्रभावित भएका र पिँधमा सबैभन्दा सक्रिय रहेका भएपनि, खासगरि महिला र सामन्यतः उपरोक्त समुहको प्रतिनिधित्व कमजोर रहिआएको छ । अन्तवार्ताका क्रममा पारिवारीक संगठनमा भएको प्रतिनिधित्वका बारेमा सोध्दा बर्दियाका बहुसंख्याले चाहिँ नेतृत्वमा महिलाहरुको भूमिका सिमित रहेका भएपनि, सिभिसिमा महिला प्रतिनिधित्व सन्तोषजनक रहेको बताए । लमजुङ्मा अन्तवार्ता गरिएका आधाले र महिलाहरुको बहुसंख्याले के बताए भने उनिहरु सिएसजे मा महिलाहरु बढि सक्रिय होउन भन्ने चाहन्छन साथसाथै पुरुषले महिलाहरुको सहि प्रतिनिधित्व गर्न सक्दैनन् भन्ने उनिहरु ठान्छन् ।

शिक्षाको स्तर र शसक्तिकरण कम भएका कारण समुदाय तहका पारिवारिक संगठनहरुका सामान्य काम र नेतृत्वमा समेत महिला तथा बञ्चित समुहको सहभागिता एउटा चुनौतीका रुपमा रहेको छ । स्थानिय नेतृत्वको ठुलो कसरत तथा उनीहरुको क्षमता अभिवृद्धिमा बाह्य सहयोग बिना यो सम्भव पनि देखिन्न । एकल, असाक्षर, घर र बालबच्चा स्याहारमा बढि खट्नुपर्ने महिलाहरुका हकमा यो झनै कठिन देखिएको छ । सहभागिताका लागि सबैभन्दा प्रष्ट र व्यबहारिक कारण, खासगरि महिला घरमुली रहेको घरका सन्दर्भमा, गरिवी नै रहेको छ । दैनिक ज्यालादारी गरेर बालबच्चालाई पाल्नुपर्ने महिलाहरु वैठक तथा अन्य कार्यक्रममा जाने समय निकाल्न, आतेजाते खर्च ब्यहोर्न सक्दैनन् त्यसैले उनीहरुको सहभागितालाई सुनिस्चित गर्नु पहिले जीवीकाको समस्या हल गर्नु आवस्यक देखिन्छ ।

**पिडितहरुको दाविको आधारका रुपमा अन्याय**

धेरैजसो सामाजीक आन्दोलनहरु अन्यायका ढांचाका का वरपर हुन्छन्, यसले कुनै खास अन्यायका कारण पिडित हुनेहरु र त्यसलाई सम्वोधन गर्नुपर्नेहरुको खोजी गर्छ भन्ने दावी गरिन्छ । अन्तवार्ताका सुचनाहरुलाई पिडितहरुले आफ्नो दाविलाई कसरी हेर्ने गरेका छन् तथा कसलाई तीनीहरु औंल्याईरहेका छन् भन्ने केलाउन प्रयोग गरिएको छ ।

क)

| उल्लंघनका लागि जीम्मेवार | प्रतिशत |
|---|---|
| सरकार/नेपाली सेना | ५२ |
| समुदाय | १४ |
| माओवादी | ९ |
| राजनीतिक दल | ९ |
| नखुलेका | ३८ |

ख)

| सम्वोधन गर्नुपर्ने कसले हो ? | प्रतिशत |
|---|---|
| सरकार | ८० |
| राजनीतिक दल | १० |
| माओवादी | ४ |
| | |
| नखुलेका | १६ |

तालीका ७ : क) उल्लंघनका लागि परिवारका सदस्यले कसलाई जीम्मेवार ठहर्‍याएका छन् ख) प्रभावलाई सम्वोधन कसले गर्नुपर्ने ठान्छन्

[14] सिभिसिमा जहाँ महिलाले संगठकका रुपमा सक्रिय भुमिका खेलका छन्, सिएसजे लमजुङ् र नेफाड सुनसरीमा दुवै ठाउँमा एउटा एउटा पुरुषले नेतृत्व गरेका छन् ।

तालीका ७ ले के देखाउँछ भने परिवारका सदस्यहरुले वेपत्ता बनाउनमा जीम्मेवार भनेर कसलाई लिएका छन् तथा त्यसको उत्तरदायीत्व बहन गर्ने जीम्मेवारी कसको मानेका छन् (जहाँ एकभन्दा बढि कर्ता पहिचान गर्न सकिन्छ ): सबैजसोले उल्लङ्घनको प्रभावलाई सम्बोधन गर्ने जीम्मेवारी नेपाल सरकारको हो भनेर ठहर गरेका छन् ।

उल्लंघनका प्रभावहरुलाई सम्वोधन गर्ने जीम्मेवारी नेपाली शासकहरुको हो भनेर तोक्ने कुराले पिडितहरुले परिचालनको लक्ष्य कतिसम्म बुझेका छन् भन्ने कुरालाई प्रष्ट पार्छ : उनीहरु सरकारले यसको उत्तरदायीत्व बहन गर्नेछ भन्ने सुनिस्चितता चाहन्छन् । सरकारले यस्ता अपेक्षाहरु पुरा गर्न के गर्‍यो भन्नेबारेको छलफलले के देखायो भने उसले पैसाका रुपमा अन्तरिम राहत दिने काम बाहेक केही पनि गरेको छैन । यसले असन्तुष्टि र आक्रोस मात्रै बढाएको छ भन्ने प्रमाण यि भनाईले स्पष्ट पार्छ :

हामीलाई यो राहतको व्यबस्थाबारे धेरै थाहा छैन, परिवारका सदस्यलाई नपुछि कसले यसो गर्‍यो त्यो पनि हामीलाई थाहा छैन; सरकारले अपमान पूर्वक थोरै पैसामात्र दियो । हामीलाई सरकारले दिएको यो जावो पैसाले बाँच्न पनि पुग्दैन न त सत्य र न्याय विनाको यो पैसाले हाम्रो चित्त बुझ्छ । यो वेपत्ता परिवारका लागि अपमान मात्र हो . (BS002)

मुद्धालाई सम्वोधन नगरिएको घटनालाई परिवारले जसरी लिएको छ त्यसले शासनबाट उनीहरुलाई अझ टाढा धकेल्छ र महत्वपूर्ण कुरा त यो शान्तीका लागि सम्भावित खतरा पनि हुनसक्छ :

यदि यस्तै भैरह्यो भने, अपराधीहरु सत्तामा रहिरहने अवस्थामा, जनताले न्याय पाउँने छैनन् र शान्ती पनि कहिल्यै हुने छैन । (BL016)

मेरो विचारमा यस्तो अवस्थाले अर्को द्वन्द जन्माउँछ । (BL014)

**परियोजनाको प्रभाव**

परियोजनाको परिकल्पना मुख्यत: वेपत्ता परिवारका र आम रुपमा पिडितहरुका मागका पक्षमा संक्रमणकालीन न्यायलाई बढि संवेदनशिल बनाउनका लागि काम गर्न गरिएको थियो । आसा के छ भने दिर्घकालमा यसले अन्तत: पिडितहरुका माग पुरागर्न लगाउने संयन्त्रको निर्माण गर्ने छ ।[15] परियोजनाका प्रभावमा निम्न कुराहरु पर्दछन् :

- पारिवारीक संगठनका नेताहरुका विचमा महिलाहरुका बारेमा र खासगरि उनीहरुले सामना गरिरहनु परेको मनोवैज्ञानिक चुनौतीका बारेमा फरकिलो समझदारी,

- पारिवारीक संगठनमा सहभागिता र नेतृत्वदायी भूमिकाका सन्दर्भमा प्रतिनिधित्वको महत्वबारे वृहत्तर चेतना, जसले महिला तथा जनजातीय अल्पसंख्यकहरुको पारिवारीक संगठनहरुमा सहभागिता र नेतृत्वमा वृद्धि हुन्छ ।

- नेफाड र यसको जील्ला स्तरीय पारिवारिक संगठनको आवस्यकताको अर्थका बारेमा राम्रो बुझाईका साथै एउटा उपयुक्त र उत्तरदायी संरचनाका बारेमा व्यबस्थित बुझाई ।

[15] संक्रणकालनीन न्यायका बारेमा थप संयन्त्रहरु जस्तै सत्य निरुपण आयोग तथा प्रस्तावित वेपत्ता आयोगहरु , जसले पिडितहरुलाई वेपत्ताका बारेमा सत्य जान्ने अवसर दिनेछ, यसले जीवीकाका लागि समर्थथनका कुरालाई पर्ना स, मनोसामाजीक सहयोग, भौतिक सामाजीक सहयोग तथा कुनैपनि प्रक्रिया जसले पिडितहरुले पेज ७मा छलफलमा ल्याएका कुनैपनि खाले सहयोग गर्छ ।

यो प्रतिवेदनको प्रकाशनका साथै परियोजनाका अरु वकालत पक्षबाट यो आश गरिएको छ कि :

-प्रशासन र नागरिक समाजका स्वदेशी विदेशी सम्भ्रान्तहरु पिडितहरुको आवस्यकता बुझ्नेछन् र संक्रमणकालीन न्याय प्रक्रियाले ती आवस्यकता पुरा गर्न सक्ने गरि प्रयास गर्नेछन्,

- नेफाडको दिगोपनाका साथै यसका मुख्य आधारका रुपमा रहेका पारिवारिक संगठनहरुलाई टिकाउ बनाउन आवस्यक पर्ने स्रोतको व्यबस्थापनमा दाताहरुसम्म पहुँच स्थापित हुनेछ ।

### ३. पिडितहरुका कार्यसुचि अगाडी बढाउँदै : पिडितहरुको परिचालन

अध्ययनबाट प्राप्त तथ्यहरुलाई यहाँ परिचालनका प्राथमिकताहरु के हुने तथा तीनले कसरी नेफाड र जिल्लास्तरिय संगठनहरुबारे ठोस विचार बनाउन सहयोग गर्छन भन्ने बुझ्न प्रयोग गरिएको छ । सम्भ्रान्त र राजनीतिकरण भएको संस्थापनपक्षबाट पिडितहरुको आवस्यकता प्रष्टपार्न असक्षम भएपछि पिडितहरुका आवाज सुनिने बनाउने गरि केही स्पेश सिर्जना गर्नु जरुरी थियो । यो केवल चालु संक्रमण प्रक्रियाबाट उनिहरुका आवस्यकतालाई संवोधन सुनिस्चित गराउनका लागि पूर्वशर्त मात्र होईन बरु अत्यन्त सिमान्तकृतहरुका आवाजलाई पनि संक्रमणकालीन प्रक्रियामा सामेल गराउनका लागि पनि पूर्वशर्त हो ।

पिडितहरुका दैनिक जीवन र उनीहरुले ओगटेको समाजीक दुनियामा नै वेपत्ता पारिएका घटनाबाट सिर्जित प्रभाव र त्यसबाट सिर्जीत आवस्यकता पुरा गर्ने कार्यका लागि उनीहरुले गर्ने मागहरुबारेको पिडितहरुको भावना अभिव्यक्त हुन्छ । परिणामतः उनीहरुको मागमा केवल सत्य र जीम्मेवारी खुट्याउने कुरामात्र होईन बरु गरिवी र शक्तिहिनताको त्यस्तो अवस्था जसले उल्लंघनका आवस्था उत्पन्न भए तथा आजसम्म त्यसले हैरान पारिरहेको स्थीति को पनि संवोधन गरियोस भन्ने हो । यहि त्यस्तो कुरा हो जसले पिडितहरुको अनुभवलाई परिभाषित गर्छ, जसलाई केवल पिडितहरुका आवस्यकता पुरा गर्नका लागि मात्रै होईन बरु पिडितहरुको जीवनसंग सरोकार नभएको र दिक्क लाग्दो गरि दोधारे हुँदै गएको प्रक्रिया लाई हस्तक्षेप गर्नेगरि संक्रमणकालीन न्याय प्रक्रियाको बहसमा सामेल गरिनै पर्छ । पिडितहरुको परिचालनले वाह्य विश्वको सुझावका आधारमा चलेको संक्रमणकालीन न्याय प्रक्रियालाई मुख्यतः ग्रामिण भेगका पक्का नेपाली ज्ञान र मुल्यका आधारमा बनेको धारणाले चुनौती दिनेछ । यो त्यस्तो प्रक्रियाको साँचो क्रान्तीकारीकरण हो, सामाजीक आन्दोलनलाई वेपत्ताहरुका वरपर सार्वजनीक सहकार्यको विषय बनाउने यो दृष्टिकोण संभ्रान्तहरुका राजनीतिक दृष्टिकोण भन्दा कति हो कति प्रतिनिधित्वमूलक छ ।

अन्तवार्ताका सुचकहरुबाट यो प्रष्ट हुन्छ कि वेपत्ता परिवारहरु आफ्ना पिर साटासाट गर्छन, आफ्ना विस्वास तथा पिडित हुनुका पहिचानहरुलाई सामन्यकृत गर्छनः यसले पिडित आन्दोलन उठाउनका लागि ठोस आधार दिन्छ । पहिचान र प्रस्तुत आवस्यकता दुवैमा लैंगिक पक्ष प्रष्टसंग आएको छ, जसले आन्दोलनमा महिलाहरुको सहभागिता र नेतृत्वमा प्रष्ट भुमिकाको माग गर्छ । पारिवारिक संगठनहरुले सिर्जना गर्ने नयाँ सामुहिकताले गर्दा परिचालनको प्रक्रियाले यी साझा बुझाई र साझा दृष्टिकोण कार्यकलापका अनुभवका रुपमा स्थापित गर्ने निस्चित नै छ :

जव तिनिहरु पहिलो पटक पारिवारीक संगठनमा प्रवेश गरे उनीहरु दिनभर रुन्थे । तर तीनीहरुले विस्तारै बुझे कि यो उनीहरुको मात्र नभएर यस्तो संगठनमा संलग्न हुने सबैको हो (...) । अहिले तीनीहरु अफ्ना समस्यामा मात्र होईन त्यहाँ आउने अरुका मुद्धामा पनि सामुहिक चिन्ता गर्न थालेका छन् । उनीहरु सबैलाई सबै वेपत्ताका बारेमा चासो हुन्छ तथा उनीहरु आफ्ना पिरहरु अरुसंग साट्छन् । अहिले उनीहरु आफुलाई कमजोर ठान्दैनन् (काठमाण्डौका एकजना वेपत्ता भएका पुरुषका भाई) ।

**पारिवारीक संगठनका गतिविधिहरु**

समस्याको पहिचानको प्रक्रियाबाट प्रस्तावित समाधान र रणनीति प्रस्तुत गर्नु नेफाडको मुख्य कार्यशैली हो । यहाँ छलफल गरिएका एकदमै शक्तिहिन बनाईएका जनताहरुका विशेष सन्दर्भमा, पिडितहरुले आफ्ना सामुहिका कार्यको परिणामाका रुपमा केमा प्रष्टसंग अनुभूत गर्न सक्छन् भन्ने कुराको थाहा पाउनु हुनेछ । अन्तर्वातामा आफ्ना सामुहिक कार्यहरुमा के के सामेल हुनुपर्छ भन्ने विषयमा परिवारहरुको अनुभुती प्रतिविम्वीत भएको छ । त्यसमा :

-उनीहरुले के चाहेका छन् भन्ने कुराको सुची बनाउँदा, आफ्ना वालवच्चाका लागि शैक्षिक सहयोगका रुपमा छात्रबृती, रोजगारी तथा तालिम र निशुल्क स्वास्थ्य सेवामा पहुँच जस्ता विषय महत्पुर्ण देखीए। पारिवारिक  विवरण र जीवीकासम्वन्धी विवरणका माध्यमबाट उनीहरुले सामुहीक रुपमा सामना गरिरहेका समस्याहरुलाई गुण र संख्यामा पनि प्रष्ट पार्न चाहन्छन्, : वैयक्तिक आवस्यकताको समिक्षा जसले उनिहरुका वास्तविक पिडालाई विस्तारित रुपमा मापन गर्न सकोस् ।

-पिडितहरुले वेपत्ता हुँदाको अवस्था र केही समुदायले थाहा पाएका सम्भावित चीहानबारे पनि तथ्य संकलन गर्न चाहन्छन् । (कुनै पनि आधिकारीक संस्थाले वेपत्तालाई गाडिएको स्थानहरुको सुचना संकलनलाई महत्व नदिनुले देखाउँछ कि वेपत्ता सम्वन्धी सत्यबारेको चालु संकथन परिवारलाई साँचो उत्तर दिनसक्ने संयन्त्रको खोजी गर्नुको साटो कानूनी प्रक्रिया वरपर चक्कर मारिरहेको छ ।) ।

- संस्थागत प्रक्रियासंग (जस्तो कि वेपत्ता आयोग) अन्तर्क्रिया गर्न सक्ने राष्ट्रियस्तरको पिडितहरुको संगठनः नेफाडले आयोगका कामका बारेमा परिवारलाई जानकारी दिनसक्ने मात्रै होईन बरु यसले त्यस्तो आयोग परिवारहरुका आवस्यकताका बारेमा सचेत होस भन्ने कुराको पनि सुनिस्चतता गर्न सक्छ । यस्तो आयोगको सदस्यका रुपमा नेफाडका प्रतिनिधि सामेल हुन पाउन भन्ने परिवारहरुको दरो माग रहेको छ ।

- समुदायमा सक्रिय, सुसुचित तथा सहानुभूतिशिल कर्ताका रुपमा पारिवारीक संस्थाले प्रशासनिक समस्याको समेत सम्वोधन खोज्छ । अशिक्षित परीवारहरुले सरकारले प्रदान गर्ने अन्तरिम राहतका बारेमा कमै जान्दछनः सगठनले महत्वपूर्ण सल्लाहकार तथा सहयोगीका रुपमा त्यस्ता परिवारले आफुले पाउनुपर्ने राहत तथा सुविधा पाउने पक्का गराउन र अरु प्रशासनिक झमेलामा पनि सहयोगी भूमिका खेल्न सक्छन् ।

यस्ता कार्यका लागि जीम्मेवार प्रशासनिक नीकायसंग पारिवारीक आवस्यकता का सम्पूर्ण पक्षलाई सम्वोधन गर्न वकालत अभियानलाई मुख्य आधार मानिएको थियो । यसलाई स्थानिय र राष्ट्रिय स्तरका विभिन्न गतिविधिमा कामलाग्ने, उपायका रुपमा लिईएको थियो जसले सामुहिक रुपमा 'सामुहिक दवाव दिनसक्ने' अर्थमा पनि लिईएको थियो । सञ्चार माध्यमलाई पैरवीका सन्देशहरुलाई अगाडी बढाउने उपायका रुपमा प्रयोग गर्ने प्रष्ट दृष्टिकोण पनि दिईएको थियो, नेफाडले यसलाई राष्ट्रियस्तरमा अंग्रेजी तथा नेपाली भाषाका पत्रपत्रिकामा लेखेर तथा एउटा वेभसाईट[16] मार्फत यसमा हस्तक्षेप गर्ने काम गरेको छ जसले नेपाली तथा विदेशी सम्भ्रान्तहरुलाई लक्षित गर्न सक्छ ।

पिडित परिवारहरुको आफ्ना पक्षमा वकालत गर्न सक्ने सिमाबारे धेरै परिवारले प्रष्ट पारे, जसले देशमा भैरहेको संक्रमणकालीन प्रक्रिया तथा आफ्ना अधिकारका बारेमा केही थाहा नपाएको खुलेर

[16] nefad.wordpress.com

बताएका थिए । उनीहरुले संक्रमणकालीन न्याय संयन्त्रकाबारेमा थोरै भए पनि जे जती जाने त्यो तिनै पारिवारीक संगठनहरुमार्फत पाएका हुन जुन त्यस्तो एकमात्र कर्ता हो जससंग परिवारहरुको नीयमीत सम्पर्क छ । उनीहरुका विचमा अधिकारका बारेमा शिक्षित हुने एकप्रकारको तिव्र ईच्छा थियो जुन शसक्तिकरणका प्रक्रियाबाट ईतिहास देखिको सिमान्तीकरणबाट मुक्त हुने कुरासंग गाँसिएको छ । स्थानीय पारिवारीक संगठनहरु आफ्ना सामान्य ग्रामिण सदस्यहरुको आवाज बन्न तथा तिनका आवश्यकता संवोधन गर्नका लागी एउटा विश्वसनीय प्रतिनीधीका रुपमा साधन बनेका छन् । ती संगठनले परिवारलाई आफै प्रतिनिधि बन्न सघाउँछन् जसले सही प्रतिनिधित्व गर्छ । जहाँ अधिकारवादी संस्थाहरु पिडितहरुको ठुलो सख्याका विचमा पुग्न सकेका छैनन त्यहाँ पारिवारीक संस्थाहरुले पिडितलाई चिन्छन्, उनीहरुका अवस्था र विचार बुझ्छन तथा उनीहरुसंग विचार साटासाट गर्छन तथा उनीहरलाई शिक्षित गर्छन ससक्तिकरण र परिचालन गर्छन् । जसले गर्दा परिवारका विच सहज पंहुच निर्माण गर्छ ।

**परिचालनतिर**

पिडितहरुको परिचालन साधारण नेपालीहरुलाई शसक्तिकरण गर्ने एउटा प्रक्रिया हो जसको एकदमै कम उदाहरण मात्र प्राप्त छन् । एउटा सान्दर्भीक उदाहरण स्वतन्त्र कमैयाहरुलाई (थारु मुलका बँधुवा मजदुर) मुक्त गर्ने अभियान हो जुन वेस नामको गैससको अगुवाईमा सन् २००० मा उत्कर्षमा पुगेको थियो ।[17] पिडितहरुको अभियान ठ्याम्मै उस्तै त होईन तर त्यसबाट सिक्न सकिने पाठहरु यस प्रकार छन् :

- राहत कल्याणको महत्व भएपनि अभियान अधिकार मुखि नै हुनुपर्दछ
- सिमान्तकृतहरुलाई शिक्षित र शसक्तिकरण गर्नु अभियानको महत्वपूर्ण पक्ष हो ।
- सिमान्तकृतहरुले आफ्नो प्रतिनिधित्व आफै गर्नुपर्छ, सम्भ्रान्तहरुले गरिदेलान भनेर अपेक्षा गर्नु हुन्न ।
- अरु कर्ताहरुलाई वेवास्ता गर्नुभन्दा स्वार्थमिल्ने अरु समुह संग समेत मिलेर फराकिलो मोर्चा बनाउनु उपयुक्त हुन्छ ।
- आर्थिक स्रोत त चाहिन्छ नै, विदेशी दाताहरु यसमध्यका सिमित स्रोत हुनसक्छन्
- राजनीतिक दलहरु समेतको व्यापक राजनीतिक समर्थन परिवर्तनका लागि शक्तिशाली साधन हो

कसले परिचालन गर्छ र कसले गर्दैन ? भन्ने प्रश्नका बारेमा तथ्याँकबाट केही प्रष्ट जवाफ निस्कन्छन् । घरेलु कामलाई महत्व दिने तथा परिवार पाल्न जे मिल्यो त्यहि ज्यालादारी काम गर्न प्राथमिकता दिने महिलाहरुलाई पिडित आन्दोलनमा सहभागि हुन या नेतृत्वमा जानका लागि संधै चुनौती बन्न जान्छ । यस विपरित अभियन्ताहरु सामन्यतयाः पुरुष, धेरैजसो पिडितहरु भन्दा बढि शिक्षित तथा व्यापार या अन्य स्वतन्त्र आयस्रोत भएकाहरु हुने गरेका छन् । सुनसरी र लमजुङ् लगायतका धेरै जील्लामा सिङ्गो पारिवारीक संगठन एकैजना कार्यकर्ताले धानेका छन् । नेफाड को एउटा उद्देश्य आफ्नो समयको महत्वपूर्ण भाग सञ्जालमा लगाउन प्रतिवद्ध व्यक्तिहरु छन भन्ने

[17] ActionAid (2005), *Liberation is not enough: The Kamaiya movement in Nepal*. Kathmandu: ActionAid

सुनिस्चित गर्नु हुनुपर्दछ। यस्ता २ देखि तिनजना मान्छे प्रत्येक जील्लामा आवस्यक छन् तर यस्तो समुह जील्लाका परिवारहरुको सापेक्षतामा र खासगरि लैंगिक दृष्टिले विविधतायुक्त र सहि अर्थमा प्रतिनिधिमुलक बनोस भनेर सुनिस्चित गर्ने प्रयास हुनुपर्दछ।

सम्भवतः परिचालनका लागि सबैभन्दा महत्वपूर्ण चुनौती भने त्यस्तो संगठनको सिर्जना गर्नु हो जुन आफै टिक्न सकोस, अहिलेकै अवस्थामा झैं भेटघाट र भ्रमण लागि समस्या हुँदा हुँदै पनि परिवारहरुसंग नियमीत सम्पर्कमा रहोस्। पिडीतहरुले आफ्ना समुदायमा सक्रिय रहने पारिवारिक संगठनमाथि जोड दिएका छन् -जसले सिद्धान्ततः हजारौं गाउँमा यस्को उपस्थितीको माग गर्छ- संगसंगै राष्ट्रिय तहमा पैरवी पनि गर्नसक्ने होस्।

जील्ला सदरमुकाममा मात्र होईन कार्यक्रम विकेन्द्रिकृत हुनैपर्छ जसमा धेरै महिलाहरु (आमा, श्रीमती र छोरीहरु) ले त्यस्तो कार्यक्रममा भाग लिन सकुन। म भविष्यमा हुने कार्यक्रमहरुमा भाग लिन चाहन्छु यो हाम्रो अभियान हो तथा हामीलाई हाम्रा सबै सदस्यलाई ससक्तिकरण गर्नुछ। यो सबैका लागि महत्वपूर्ण छ। (BL001)

बर्दियामा, सिभिसिले विशेष रुपम दुईवटा दृष्टिकोण अप्नाएको थियो। एउटा जील्ला सदरमुकाम र गाउँको माझमा वैठकहरु आयोजना गर्ने ता कि मानिसहरु पैदल आउन या गाडी भाडा तिरेर पनि आउन सकुन। दोस्रो तरिकामा सिभिसिका अगुवाहरु मोटरसाईकलमा पिडित परिवारका घर आँगनमा नै पुग्थे। पिडितहरुको संख्या र घनत्वले यसलाई सहज पनि बनाएको थियो। लमजुङ् र सुनसरीका हकमा भने वेग्लै अवस्था छ। लमजुङ् पहाडी जील्ला हो सडक थोरै भएको, यहाँका कतिपय गाउँबाट सदरमुकाम आउन दिनभर लाग्छ धेरैजसोले त पैदलै आउनुपर्छ। त्यस्ता जील्लामा नियमित जील्लास्तरिय वैठकहरु आयोजना गर्नु असम्भवजस्तो देखिन्छ। सिएसजेको जील्ला संयोजक प्राय जील्लाव्यापी भ्रमण गरेर परिवारहरुसंग भेटघाट गर्छन, यो पनि परिवारका सदस्यलाई जील्ला सदरमुकाम आउन वाहिरी सहयोग पाईने नपाईने कुरामा भरपर्छ। त्यसरि नै सुनसरीमा, जहाँ पिडितहरु सानो संख्यामा तर जील्ला भर फैलिएका छन्, पैसा र समय दुवै दृष्टिले मानिसहरुलाई एकठाउँमा जम्मा गर्नु चुनौती पूर्ण छ। नेफाडको जील्ला संयोजकले यसको समाधान निकालेका छन् : मोटरसाईकलमा जील्ला भर घुमेर वेपत्ताका परिवारलाई भेट्ने। यसले परिवारका सदस्यहरुलाई नेफाडका गतिविधिहरु र काठमाण्डौमा भैरहेको प्रगतिवारे सुचना दिएर उनीहरुलाई चित्त बुझाउने गरेको छ। यो प्रयासका साथै जील्ला स्तरीय पारिवारिक संगठनको वैठक बर्षको धेरैपटक आयोजना गर्नुले, जसका लागि अलिक आर्थिक स्रोत आवस्यक पर्छ, यस्ता जील्लाका लागि धेरै नै प्रभावकारी देखिएको छ।

**नेफाडको सञ्जालको स्वरुप**




lचत्र १: राष्टिय कार्यसुचिलाई प्रभाववित गर्ने पिडितहरुको साधनाका रुपमा परिचालन

यहाँ प्रस्तुत गरिएको पिडितहरुको सञ्जाल त्यस्तो हो जसमा नेफाडका प्रतिनिधिले सबै पिडितहरुलाई नियमित रुपमा भेट्ने गरेका छन्, यी वैठकहरु आर्थिक तथा वन्दोवस्तीका अन्य सामग्रीका अभावका बाबजुद परिवारहरुलाई एकैठाउँमा राख्ने विकल्प पनि हुन । यस्ता सम्वन्धहरुलाई जील्ला सदरमुकाममा वर्षको धेरैपटक हुने वैठकले परिपूरण गर्नेगर्छन जहाँ जती सक्यो धेरै परिवारलाई प्रतिनिधित्व गराईन्छ । त्यसैले परिचालनका निम्न लक्ष्यहरु छन् भन्न सकिन्छ :

**स्थानिय परिचालन :** जील्ला र गाविस तहमा हुने जमघटले परिवारका सदस्यहरुलाई आफ्ना अनूभवहरु साट्न सहयोग गर्छ

ऐक्वद्धता र नजीकको समर्थन: जसले परिवार तथा समुदायबाट आउने सामाजीक लाञ्छनाहरुलाई चुनौती दिन र महिलाहरुलाई केवल विधवा या स्वास्नीका रुपमा होईन वेपत्ताका श्रीमतीका रुपमा स्थापित गर्छ ।

- परिवारका सदस्यहरुलाई नेपालका नागरिक र पिडीतका अधिकारहरुका बारेमा शिक्षत गर्छ; यसले राष्ट्रिय स्तरको संरचनाको स्थानिय शुत्रका रुपमा परिवारका तर्फबाट र परिवारसम्म नेपालको संक्रमणकालीन न्याय प्रक्रिया तथा वेपत्ता सम्वन्धी आयोगका समेत बारेमा सुचनाहरु पुर्‍याउँछ ।

नेतृत्व तालीम तथा क्षमता अभिवृद्धिका काममा परिवारका सदस्यहरुका प्रतिनिधिका रुपमा, महिला तथा अरु सिमान्तकृत समुदायका विच सम्पर्क विन्दुका रुपमा कार्य गर्छ .

**राष्ट्रिय परिचालन:** वेपता परिवारहरुको राष्ट्रिय आवाज निर्माण गर्न जसले अधिकारीहरु, दाता, गैसस तथा अरु संक्रमणकालिन न्यायका क्षेत्रमा सक्रिय पक्षलाई प्रभावित गर्न सकोस भनेर यस्तो परिचालनको अपेक्षा गरिएको हो : यसले केन्द्र तहमा दवाब समुहको काम गर्छ ।

- **नेफाड**लाई परिवारको प्रतिनिधिका रुपमा काठामाण्डौमा कुरा राख्ने संस्थाका रुपमा विश्वास गरिएको छ ।

- **नेफाड**ले राष्ट्रिय रुपमा पैरवी र अभियानमूलक कामहरु आयोजना गर्न सक्छ

**क्षेत्रिय परिचालन :** राष्ट्रिय र स्थानिय तहमा पैरवी आवस्यक रहेको ठाउँमा जम्मा हुनसक्ने पिडितहरुका विच पुलको काम गर्न सक्ने गरि यो तहको परिचालनको कल्पना गरिएको हो । जब पिडितहरुले आफ्ना चुनिएका प्रतिनिधिप्रति आफ्नो विश्वास व्यक्त गर्छन, तब पिडितहरुको प्रभावकारी प्रतिनिधित्व सुनिस्चित गराउनका लागि एउटा लोकतान्त्रीक संरचनाका खाँचो पर्छ । क्षेत्रीय ढाँचाले जील्लास्तरका संगठनहरुको राष्ट्रियस्तरसंग र काठमाणडौको कार्यालयसंग आफ्ना प्रतिनिधि मार्फत सिधा सम्पर्क कायम राख्न अनुमति दिन्छ जससंग उनीहरु कहिलेकाँहि भेट्न सक्छन् ।

यो कामको केन्द्रमा चाहि जील्ला स्तरका संगठनहरुलाई शसक्त बनाउनु तथा क्षेत्रीय तथा राष्ट्रिय तह पनि प्रभावकारी र प्रतिनिधिमुलक होउन (तिनिहरु परियोजनाको थालनिकालमा झण्डै निस्क्रिय नै थिए) भन्ने सुचिस्चित गर्न रणनीतिहरु विकास गर्नु हो । जवकी राजनीतिक दलहरु र अधिकारवादी संस्थाहरुले सिर्जना गरेको यस्ता संस्थाको समावेशीकरणको विधि यसलाई केवल साधन बनाउने या आफैभित्र समाहित गने[18], खालको देखीन्छ । नेफाड आफुलाई केवल सल्लाहकारको भूमिकामा मात्र होईन रुपान्तरणकारी तरिकाले काम गर्छ भन्ने सुनिस्चित गर्न चाहन्छ, वेपत्ता परिवारहरुले सहभागिताका माध्यमबाट सिमान्तीकरणलाई चुनौती दिनसकुन भन्ने यसको लक्ष्य छ ।

**वाधा र अवसरहरु**

अन्तवार्ताका क्रममा पिडितहरुले उनिहरुसंग स्रोत कति कम छ भनेर उल्लेख गरिरहे-खासगरि सञ्जालको कामका लागि पैसा र बैठकहरुमा उपस्थित हुन समय कति थोरै छ भन्ने बारे । यहाँ यस्तो आन्दोलनका लागि कति स्रोतहरु चाहिन्छ भन्ने बारे सर्वेक्षण गरिने छ, यद्यपी धेरै चुनौतीहरु छन्, स्रोतहरु पनि छन्- जस्तो कि सामाजीक श्रोतको पुरा उपयोग गरिएको छैन ।

**सञ्जालका लागि स्रोतको परिचालन**

जव परिवारका सदस्यहरु आपसमा अभियानका आवस्यकताका बारेमा कुरा गर्छन, प्रष्ट छ कि उनीहरुसंग एउटा आन्दोलन निर्माण गर्न आवस्यक पर्ने-आर्थिक, सामाजीक, मानवीय-सबैप्रकारका साधनस्रोतको अभाव छ । स्रोत परिचालनको अवधारणाले धेरै बुँदाहरुमा जोड दिन्छ :[19]

- स्रोत साधन (मुख्यत पैसा र श्रम) एकिकृत हुनुपर्छ, यसका लागि संगठन चाहिन्छः यो औपचारिक संरचनाका लागि एउटा प्रेरणा पनि हो ।

- अनुभवहरुले के देखाएका छन् भने कुनै पनि आन्दोलनको सफलता र असफलताका बारेमा जाँचपड्ताल गर्दा संस्थाको औपचारिक संरचना बाहिरका व्यक्ति या संस्थाहरुको संलग्नता र सहकार्यको महत्वलाई सम्मान गर्नु उतीकै आवस्यक छ ।

[18] Lawoti, Mahendra (2009), Dissecting 'inclusion', Kathmandu Post, 2nd February 2009.

- पिडितहरुले परिचालनबाट के पाउँछन् त भन्ने सवालमा सामाजीक आन्दोलनका गतिविधिमा  लागत र प्राप्तीका बारेमा प्रष्ट हुनु आवस्यक छ ।

- स्रोत र साधनले मात्रै आन्दोलनको सफलतालाई सुनिस्चित गर्दैनन्, तर त्यो नेफाडले चाहे अनुसारको प्रभाव प्राप्त गर्न एउटा सर्त भने अवस्य हो ।

**सामजीक स्रोत**

आन्दोलनका लागि आवस्यक पर्ने सामाजीक स्रोत भनेको केवल परिवारहरुको सञ्जाल मात्र होईन, बरु अरु त्यस्ता धेरै सञ्जालहरु पनि हुन जससंग नेफाड र पारिवारीक संगठन्हरुको पहूँच छ । द्वन्दोत्तरकालको नेपालमा धेरैजसो सार्वजनीक स्थान राजनीतिक दल र गैससहरुले देखिने गरिनै ओगटेका छन्, जसले संक्रमणकालीन कार्यसुचिलाई पुरै प्रभावित गरेका छन् । त्यस्ता संगठनहरुले पिडितहरु र तीनका संगठनसंग कसरी अन्तर्क्रिया गर्छन भनेर थाहा पाउनु निकै महत्वपूर्ण छ । यो त प्रष्टै छ कि नेफाडले मानवअधिकारवादी गैससहरुसंगै काम गर्नुपर्छ, तीनीहरुको यसै आलोचना गरेर मात्र भन्दा पनि त्यस्तो अवधारणाको पक्षमा वकालत गर्नुपर्छ जसले पिडितहरुको परिचालन र अग्रता तथा पिडितहरुको व्यापक कार्यसुचिका पक्षमा समर्थन पुगोस । त्यसप्रकारको सम्वन्ध अन्तराष्ट्रिय संस्थाहरुसंग पनि कायम गर्नुपर्छ । खासगरी रेडक्रसको अन्तराष्ट्रिय समिति (आईसिआरसि) ले २००६ देखि नै पिडित समुहहरुलाई सहयोग गर्दै आएको छ र हालसालै नेफाडलाई पनि सहयोग गर्न थालेको छ । यो सहकार्यले सञ्जाललाई थप बल पुगेको छ ।

संक्रमणकालीन न्यायका सम्बन्धमा काठमाण्डौमा हुने छलफलहरुमा परम्परागत रुपले ने सम्भ्रान्तहरुको तहमा र उनीहरुका कार्यसुचिका वरपर चक्कर मारिरहेको थियो, तर विगत दुईवर्ष यता पिडितहरुका आवाज, नेफाडका नेताहरु समेतलाई सञ्चारमाध्यमा बढ्दो रुपमा स्थान दिईएको छ । यस्तो स्रोत माथिको पहूँच महत्वपूर्ण कुरा हो र सम्भवभए सम्म यसको प्रयोग गरिनुपर्छ । जव जील्ला तथा क्षेत्रीय समुहहरु वलिया हुँदै जान्छन तव तिनले स्थानिय छापा तथा रेडियो सञ्चारका साधनमा पहुँच बढाउँदै लानु आवस्यक हुन्छ ।

**वक्स १ : पारिवरीक संगठनका नेफाडसंगको सम्वन्ध**

कुल ३५ पारिवारीक संगठनहरुल नेपाडसंग संवन्धीत छन् जसमध्य १७ वतटा अहिले पनि सक्रिय छन् ( देखाईका) :

सुदुर तथा मध्यपस्चिम : **सिभिसि वर्दिया, बाँके, कैलाली, कञ्चनपुर, डडेलधुरा,** सुर्खेत, दाङ, रोल्पा

पस्चिमः **सिएसजे लमजुङ, नवलपरासी, तनहुँ, स्याङ्जा,** कास्की, गोर्खा, बाग्लुङ्ग, कपिलवस्तु, रुपन्देही

पुर्वीः **नेफाड सुनसरी, झापा, मोरङ्ग, धनकुटा, संखुवासभा, उदयपुर,** भोजपुर, सिरहा, सप्तरी

मध्यः **धादिङ, धनुषा,** नुवाकोट, रामेछाप, काभ्रे, सिन्धुपाल्चोक, काठमाण्डौ, भक्तपुर, चितवन

एउटा महत्वपूर्ण सामाजीक स्रोत पिडितहरुका नेता तथा प्रतिनिधिहरुलाई स्थानिय समुदायमा कत्तिको सम्मानका साथ हेरिन्छ भन्ने पनि हो । वर्दियामा सिभिसि मज्जाले परिचित छ, स्थानिय अधिकारीहरुसंग नियमीत वैठकहरु हुन्छन् : यस्ता संपर्कहरुलाई आफ्ना पैरवीहरुको प्रभाव बढाउन प्रयोग गरिनुपर्दछ । सिधै सरोकार राख्ने कर्मचारी, जस्तै स्थानिय शान्ती समिति र जील्ला विकास अधिकारी पारिवारीक संस्थाका कर्मचारी र सदस्यहरुका लागि आफ्ना काम पट्याउन सिधा लक्ष्य

हुन सक्छन् । साधारणतया पिडितहरुका आवाजलाई आम रुपमा सुनिने बनाउनु जरुरी छ । पिडितहरुका माग पिडितहरुलाई मात्र प्रभावित गर्दैनन् बरु वृहत्तर समाजलाई नै प्रभावित गर्छन; उत्तरदायीत्व र कानूनी शासनका आवस्यकता, द्वन्दका बारेमा सत्य तथ्य बताउनु र स्विकार गर्नुजस्ता कुराले सबैलाई हित गर्ने समाज निर्माणका पक्षमा सेवा पुर्‍याँउछन् । किनारामा बसेर हेर्ने मान्छेलाई पनि यस्ता सुचनाल प्रभावित गर्न सक्छ जो पिडितसंग त प्रत्यक्ष संलग्न नभएपनि अभियानलाई सहयोग गर्न सक्छन् ।

**आर्थिक स्रोत : दाताहरुको भूमिका**

पिडितहरुको आन्दोलनलाई यसको कुनैपनि आधारभूत उद्देश्य हासील गर्नका लागि आर्थिक तथा भौतीक पूँजीको आवस्यकता पर्दछ : आफ्नो समुदाय बाहिर पुग्न र सम्पर्क गर्नुपर्ने न्युन आयभएका पिडितहरुका लागि तथा सम्पर्कका लागि नै आतेजाते खर्च चाहिन्छ । नेफाडलाई वाहिरी आर्थिक स्रोत र अरु भौतीक सहयोग चहिन्छ । यो दाताहरुबाट खासगरेर विदेशी संस्थाहरुबाट, सिधै आउन सक्छ, या मानवअधिकार गैससहरु या आईसिआरसि जस्ता नेपालमा रहेका र राम्रो सहयोग पाएका संस्थाहरुबाट पनि लिन सकिन्छ ।

नेफाड र योसंग जोडिएका जील्लास्तरिय संस्थाहरुलाई दिने सहयोगका सन्र्दभमा दाताले अलि ध्यान दिनुपर्ने देखिन्छ : नेपालमा अधिकारको काममा सहयोग गर्ने सबैभन्दा सजीलो बाटो त काठमाण्डौमा आधारीत संस्थाहरुलाई सहयोग गर्नु हो जो दाताको भाषा बोल्छन् ( ठ्याक्कै मिल्ने गरि पनि र लाक्षणिक रुपमा पनि) तथा अनुदानका लागि प्रस्तावपत्र लेख्न र पछि प्रतिवेदन बुझाउन पनि सक्छन् । नेफाड र जील्लास्तरका पारिवारीक सगठनहरुलाई चाहिने सहयोग भनेको पैसाको मात्र होईन, बरु वास्तविक क्षमता अभिवृद्धि हो जुन सामान्य गैसस गतिविधि भन्दा चुनौती पूर्ण छ । एउटा सानो संख्याको अधिकारवादी संस्थाहरुलाई दाताहरुको ठुलो सहयोग प्राप्त गरिरहेको कुराले देखाउँछ कि काठमाण्डौको एउटा सानो गैसस समुदायले नेपालमा आउने मानवअधिकार अनुदान कुम्ल्याएको मात्रै छैन बरु त्यस्तो काम पिडितहरुका नाममा गरिरहेको छः दाताहरुलाई पिडितहरुसम्म पुग्न नदिने गरि अप्रतिनिधिहरु भएको गेटपालेहरुको जमात बनाएको छ । आफ्नो आर्थिक सहयोगका लक्षीत समुह परिवर्तन गर्नुका साथै पिडितहरुलाई सहयोग गर्न चाहने दाताहरुले आफ्ना लक्ष्यहरुलाई पनि परम्परागत पैरवी (जुन नेपालका सन्दर्भमा देखिने गरिनै असफल भैसकेको छ) को घेराबाट निस्केर फराकिलो पार्नु जरुरी छ, जसमा शसक्तिकरण र पिडितहरुका जीवीकाका कार्यसुचि पनि सामेल होउन् ।

**मानव संसाधन**

सामेलीपूर्ण सहभागिताका लागि, विशेष रुपमा तिनिहरुको लागि, जो सामाजीक रुपमा आफ्ना समुदाय र व्यापक राजनीतिका कार्यकलापहरुबाट बहिस्करणमा परेका छन, क्षमता निर्माणको लागि प्रष्ट प्रतिवद्धता चाहिन्छ । अहिले केही सिमित संख्यामा जील्लास्तरमा आन्दोलनको नेतृत्व गर्न सक्ने मानिसहरु छन् तर नेफाडको प्राथमिकता छ कि त्यस्ता नेताहरुको प्रतिनिधित्वका आधारहरु विस्तार गर्न सकियोस, ता कि आन्दोलन सानो संख्याका नेतामा मात्र भर नपरोस बरु त्यस्ता व्यक्तिहरुको ठुलो संख्याहोस जसले आवस्यकता अनुसारको भूमिका खेल्न सकुन । यस्तो भूमिकामा आउनै पर्ने पारिवारिक सदस्यहरु त ति महिलाहरु हुन जसको शैक्षिक पृष्ठभूमि सिमित छ जसले यो प्रक्रियामा प्रष्टैसंग नेतृत्वको विज्ञता हासिल गराउन विशेष कार्यको माग गर्छ । जवकी यो निकै कठिन छ, र यो नेफाडको शसक्तिकरण रणनीतिको महत्वपूर्ण पाटो हो, जसले अधिकारीहरुबाट पिडितका लागि सहयोगको माग मात्र गर्दैन बरु पिडितहरुलाई यो प्रक्रियाका सहजकर्ताका रुपमा स्थापित गर्दै उल्लंघनको कारणहरुलाई सम्वोधन गर्ने गरि तयार पार्न चाहन्छ ।

सिभिसिले, यसको ठुलो सफलताका बावजुद, गाउँका पिडितहरुलाई आफ्नो संस्था सञ्चालन गर्ने चुनौती प्रस्तुत गरेको छ । पारिवारिक संगठनहरुलाई चाहिने क्षमता विकास अवधारणाले विज्ञतामा पँहुचको अवसर माग गर्छ जसले नेतृत्वका पक्षमा, सांगठनिक, आर्थिक तथा राजनीतिक ( काठमाण्डौका सञ्जालहरु कसरी काम गर्छन भन्ने बुझ्ने सन्दर्भमा) क्षमता विकास गरोस् । नेफाड र जील्ला संगठनहरुलाई नेपाली नागरिक समाजका उपाय र साधनहरुका बारेमा जानकारी भएको अंशकालिन सहयोग आवस्यक छ, जुन ज्ञान र अनुदान सहयोगका बारेमा जानकारी र पहुँच दिन सक्नेगरि सम्भ्रान्तहरुको सञ्जालको एउटा हिस्सा जस्तो होस् । पारिवारिक संस्थाहरुको क्षमता अभिवृद्धिको यो सम्भव उपाय हो जसले दाताहरुको कोषमा केही गैससहरुको एकलौटी पंहुच र सुविधालाई चुनौती दिनसक्छ ।

### ४. नेफाडको कार्ययोजना

परिवारका सदस्यहरुलाई भेट्नु र तीनवटा पारिवारीक संगठनहरुसंग सहकार्य गर्ने प्रक्रियाको एउटा महत्वपूर्ण भाग नेफाडका लागि कार्ययोजना तयार पार्न सघाउनु थियो जसले राष्ट्रिय संगठनका लागि ठोस गन्तव्य र गतिविधिका लागि आधार तयार पार्ने काम गरोस तथा त्यसलाई आर्थिक सहयोग जुटाउन दाताहरुसंग कुरा गर्न सकियोस् । यसमा समिक्षा गरिएको कार्ययोजना पारिवारीक संगठनहरु र पिडितहरुसंग अनुसन्धाताहरुले अध्ययनको अवधिमा गरेको लामो भेटघाट र कुराकानीका परिणाम हुन, त्यसलाई पछि क्षेत्रियस्तरका नेफाडका वैठकहरुमा प्रस्तुत गरि व्यापक छलफल गरिएको थियो तथा जुन २०१२ मा आयोजना हुने तय भएको राष्ट्रिय वैठकमा यसमा पुनः छलफल गरिने छ । यो कार्य योजनाले, पिडितहरुलाई क्षेत्रीय तथा राष्ट्रियस्तरमा ल्याई बढि प्रतिनिधित्वमुलक बनाउने तथा  गराउने र वेपत्ता परिवारको जीवनमा प्रत्यक्ष प्रभाव पार्ने नेफाडका कार्यसुचिलाई सघाउ पुर्‍याउने छन् ।

### सहयोग तथा ऐक्यवद्धता

नेपालमा पारिवारिक संगठनहरुको पाँच बर्षको अुनभवले परिवारहरु एक ठाउँमा जम्मा भएर आफ्ना पिडाहरु साट्नु (पिर पोख्नु) को मुल्य, वेपत्ताहरुका समस्या बारे तत्काल काम गर्न पैरवी गर्नु तथा ठोस उपलब्धी र फाईदाका लागि अभियान चलाउनुका मुल्यहरुबारे धरै शिक्षाहरु लिएको छ । जील्लास्तरका गतिविधिहरुमा यी कामहरु समेटीने छन् :

- **आदानप्रदान र ऐक्यबद्धताः** परिवारहरु, त्यसमा पनि खासगरि वेपत्ताका श्रीमती र आमाहरुले जील्ला, समुदाय र उनीहरुलाई पायक पर्ने ठाउँमा जम्मा भएर आफ्ना अनुभवहरु आदान प्रदान गर्न सकुन भन्ने कुराको सुनिस्चितता गर्नु । यसले एक्लोपनालाई हटाउँनुका साथै धेरै महिलाले व्यहोरेका लाञ्छना र विभेदका समस्यालाई संवोधन गर्न सक्छ तथा परिवारहरुलाई त्यस्तो थलो प्रदान गर्छ जहाँबाट समुदायका नेताहरुलाई आफ्ना पक्षमा न्यायपूर्ण व्यबहार होउन भन्नेबारे संवेदित बनाउन सकिन्छ ।

- **जीवीकाः** कमाउने मान्छे गुमेकाले यसै गरिव रहेका परिवारहरुलाई त खाल्टैमा पारेको छ; पारिवारीक संगठनहरुले यस्ता परिवारले खाना खाउन र  वच्चाहरुले पढ्न पाउन भन्ने कुरामा सहयोग गर्ने उपाय खोज्छन् । यस्तो कार्यमा जीवीकोपार्जन तथा लघु ऋण कार्यक्रम चलाईरहेका संगठनहरुले यस्ता वेपत्ता हुनेका परिवारलाई आफ्ना कार्यक्रममा समावेश गरुन भनेर तीनीहरुसंग संपर्क कायम गर्नु पनि पर्छ । जहाँ जहाँ सम्भव छ त्यहाँ पारिवारिक संगठनहरु आफैले सम्वन्धीत विज्ञको सहायतामा साना व्यवसाय तथा पशुपञ्छी पालन जस्ता जीवीकोपार्जन कार्यक्रमहरु चलाउन सक्छन । यसलाई राष्ट्रियस्तरबाट पनि सरोकारवाला संस्थासंग सहयोग जुटाउने प्रयास हुनेछ ताकी सबै नेफाडसंग आवद्ध संगठनहरुले यस्तो सहयाता पाउन सकुन ।

- **कानूनी तथा प्रशासनीक समस्याः** जील्लास्तरिय संगठनले पारिवारका समस्याहरु समाधान गर्न प्रशासनसंग दुतका रुपमा काम गर्नेछन् । तीनीहरुले परिवारहरुलाई अन्तरिम राहत लगायत उनीहरुका अधिकार पाउन तथा वेपत्ता भएकाहरुको अवस्था प्रष्ट नभएका कारणले अप्ठेरो परेका ठाउँमा अंश र सम्पत्तीको स्वामित्व पाउन सकुन भन्ने सुनिस्चित गर्छन ।

- **शसक्तिकरण :** वेपत्ताहुनेहरुको वहुसंख्या जनजाती, दलित र मधेशी जस्ता बहिस्करणमा परेका समुदायको रहेको छ; यी सबै समुदायमा महिलाहरु अशक्त बनाईएका छन् । सहकार्य गर्दा यस्ता समुहका सदस्यहरु र खासगरिकन महिलाहरुलाई आफ्ना समुदायमा रहेका विभेदकारी संरचनालाई चुनौती दिने शक्ती प्राप्त हुन्छ, उनीहरुले शक्ति आर्जन गर्छन । यो महिला तथा अल्पसंख्यकहरुलाई पारिवारीक संगठनहरुमा नेतृत्व लिन सहयोग, शिक्षित र प्रोत्साहन गर्ने नेफाडको लक्ष्यसंग गाँसिएको छ ।

**वकालत : परिवार देखि नीतिगत तहसम्म**

नेफाडको स्थापना वेपत्ताहरुको सवाललाई संवोधन गर्न लगाउने गरि वकालत गर्ने कार्यसुचिको निर्धारण गर्ने काम परिवारकै हो भन्ने मान्यता राखेर भएको हो: नेफाडको स्थापनाकालिन एउटा लक्ष्य राष्ट्रिय स्तरको संक्रमणकालीन न्याय प्रक्रियामा परिवारहरुलाई जोड्नु हो । यसका लागि बलियो र प्रतिनिधित्वमूलक सञ्जाल चाहिन्छ, संगसंगै परिवारहरु काठमाण्डौमा हुने विकासक्रमबारे जानकार र आफ्ना मुद्धा र सरोकारका बारेमा परिचित हुनु आवस्यक छ । नेफाड आफ्नो वकालतको काम, उनीहरुले प्राथमिकतामा राखेको मुद्धामा नै केन्द्रीत भएर, परिवारहरुद्धारा परिवारका लागि होस् भन्ने लक्ष्य सुनिस्चित भएको हेर्न चाहन्छ । यसकारण, जील्लास्तरका नेफाड प्रतिनिधि र परिवारका विचमा स्थायी सम्पर्कको व्यबस्था हुनु तथा विचार र सुचनाको दोहोरो आदानप्रदान हुनु आवस्यक छ ।

जील्ला संघका प्रतिनिधिहरुलाई जील्ला संघका सबै सदस्यहरुसंग नियमित सम्पर्क गर्ने जीम्मेवारी तोकीनेछ । धेरैजसो अवस्थामा यो काम जील्ला सदरमुकामहरुमा नियमित वैठकहरुमार्फत गरिने छ (उदाहरणका लागि दुईमहिनामा एकपटक); जहाँ पिडितहरु निकै छरिएका छन् त्यस्तोमा भने जील्ला प्रतिनिधिहरुले परिवारका घरघरमा पुग्नुपर्ने हुनसक्छ । यस्ता बैठकहरुका कार्यसुचि भने यस्ता हुनसक्छन् :

- परिवारहरुले के के समस्याहरुको सामना गरिरहेका छन् तथा जील्लास्तरको पारिवारिक संगठन अथवा राष्ट्रिय रुपमा नेफाडले यस्ता समस्यालाई सम्बोधन गर्न सक्छन् तथा यसले वकालत कार्यलाई कसरी निर्देशित गर्न सक्छ ।

- परिवारलाई पिडितका रुपमा उनीहरुका अधिकारबारे शिक्षित गर्नु

- परिवारका सदस्यहरुलाई नेपालको संक्रमणकालीन न्याय प्रक्रिया, परिवारले पाउने कुनैपनि प्रकारका सुविधाहरुका बारेमा र नेफाडका जील्ला, क्षेत्र र राष्ट्रियस्तरका योजनाका बारेमा सुचित गर्नु

- समस्याहरु आदानप्रदान गर्नु र आफैले साझा समाधान पत्ता लगाउनु ।

यो अति विकेन्द्रीत अवधारणाको लक्ष्य चैं नेफाडका कार्यहरु परिवारहरुका आवस्यकता प्रतिविम्वित गर्न सक्ने  हुनुका साथै सान्दर्भीक पनि रहुन भन्ने सुनिस्चित गर्नु हो । राष्ट्रिय तहमा नेफाडका नीति, कार्य र पैरवीका कार्यहरुको सञ्चालन जील्ला तथा क्षेत्रीय प्रतिनिधिहरुले गर्नेछन् जसले

भूईतहमा परिवारसंग सम्वन्धहरु कायम भएका कुराको फाईदा लिंदै नेफाडको नेतृत्वलाई संधै परिवारका मागहरुप्रति संवेदनशिल हुन मद्धत गर्नेछन् ।

**संरचना र संगठन**

नेफाड जील्ला संगठनहरुको सञ्जाल हो तथा एउटा राष्ट्रिय स्तरको सचिवालय बनाउने योजनामा छ ताकि जील्ला संगठनहरुलाई संयोजन गर्न र स्थानिय तहका गतिविधिहरुलाई प्राविधिक तथा अन्य सहयोग गर्न सकोस् । संयोजनको काम क्षेत्रीय स्तरका समुहहरुको प्रतिनिधिमुलक संरचनाबाट र राष्ट्रिय स्तरको कार्यालयबा गरिने छ, दुवैले जील्लास्तरका आवस्यकताप्रति जीम्मेवार हुनेछन् तथा जील्ला स्तरका संगठन सहभागि हुने गरि कार्यक्रम बनाउन पहल गर्नेछन् ।

यसका आधारमा नेफाडले काम गर्ने संरचनालाई यसरी समिक्षा गर्न सकिन्छ :

- जील्लास्तरका संगठनहरु साधारणतया दुई महिनामा एकपटक वैठक वस्छन्; कुनै कुनै सन्दर्भमा उपजील्लास्तरका संरचनासंग पनि यस्ता वैठकहरु हुन्छन् ताकी समुदायस्तरमा सम्पर्क कायम रहोस् । पिडितहरु त धेरै भएका तर पारिवारिक संगठन नभएका जील्लाहरुमा परिवारहरुलाई सम्पर्क गरेर संगठन बनाउन सहयोग गरिनेछ ।

- क्षेत्रीयस्तरका संरचनाहरु बर्षको दुईपटक बैठक वस्नेछन्; यसले उनीहरुलाई राष्ट्रिय संरचनाका लागि प्रतिनिधि छनौट गर्न र आफ्ना क्षेत्रका अन्य संगठनहरुसंग सम्वन्ध राख्न मद्धत गर्छ । अहिले तिनवटा क्षेत्रीय संगठनहरु कार्यरत छन्, हरेक ईलाका यीनलाई बलिया जील्ला संगठनहरुले संयोजन गरेका हुन्छन् (सिभिसि वर्दियाले मध्य तथा सुदुर पस्चिममा, सिएसजे लमजुङ्ले पश्चिम तथा मध्यमाञ्चल र नेफाड सुनसरीले पुर्वाअञ्चलमा)

- क्षेत्रीय वैठकहरु द्धारा हरेक बर्ष निर्वाचीत हुने एउटा राष्ट्रिय समिती; हरेक बर्ष एउटा राष्ट्रियस्तरको वैठक आयोजना गरिनेछ जसले परिवारहरु र प्रतिनिधिहरुलाई आफ्ना अनुभव आदानप्रदान गर्न एकठाउँमा जम्मा पार्नेछ ।

सबैको प्रतिनिधित्वलाई प्रोत्साहित गर्ने सिद्धान्तमा आधारीत रहेर, खासगरि सबभन्दा कमजोरहरुलाई जोडदिने गरि सहभागिता र प्रतिनिधित्व सबै तहका संरचनामा झल्कीने छ । यसले जील्ला तथा क्षेत्रिय तहमा, खासगरि महिलाहरु तथा पिडितहरुका विचमा बढि प्रतिनिधित्व भएकाहरु र नेतृत्व तहमा कम प्रतिनिधित्व भएका समुह पहिचान गर्दै समाजका सबै समुहमा नेताहरु पहिचान गर्ने संरचनागत प्रक्रियाको माग गर्दछ । तालीम र सहयोगको आवस्यकताको पहिचान गर्दै सञ्जाललाइ हाँक्ने क्षमता र शिप सहित सबै तहमा प्रतिनिधित्वमुलक नेतृत्व विकास गरिने छ ।

नेफाड र यससंग आवद्ध जील्ला संगठनहरुले सबै तहमा द्वन्द पिडितहरुका लक्ष्यलाई अगाडी बढाउन काम गर्न चाहने अन्य संघ संस्था संग मिलेर काम गर्नेछन् । सबै पिडितहरुलाई विना भेदभाव, तीनीहरु को हुन र को बाट पिडित भएका हुन भन्ने कुरामा भर नपरि सहयोग खोज्ने अवधारणामा यसको जोड हुनेछ; नेफाड राजनीतिक रुपले कडाईका साथ निस्पक्ष रहने छ ।

**क्रियाकलाप**

संक्षेपमा प्रस्तावित क्रियाकलाप निम्न कुराहरु सामेल हुनेछन् :

- परिवारहरुलाई सहयोग र ऐक्यवद्धता : जील्लास्तरमा नियमित वैठकहरुको आयोजना गरि मनो-सामाजीक सहयोग प्रदान गरिने छ, जील्ला स्तरीय नेताल समेत अरुहरुलाई मनो-

सामाजीक सहयोगका व्यबस्थाका बारेमा तालीम प्रदान गरिने छ, यसमा वेपत्ता व्यक्तीका श्रीमतिहरुलाई र आमाहरुलाई विशेष जोड दिईने छ । परिवारको आर्थिक स्तर उकास्न अन्य सस्थाहरुसंग मिलेर जीविकोपार्जन परियोजना विकास गरिने छ ।

- उनीहरु नेपालमा जारी संक्रमणकालीन न्याय प्रक्रियका बारेमा सुचित होउन भन्ने सुनिस्चित गर्न तथा त्यसले उनीहरुलाई कसरी प्रभावित पार्छ भन्ने बारे शिक्षित गर्न जील्लास्तरका वैठकहरु मार्फत परिवारहरुलाई शिक्षा र सुचना प्रदान गरिनेछ । साथै उनीहरुको विचारलाई सञ्जालका गतिविधिमा सामेल गरिने छ । वेपत्ता परिवारभित्रैबाट नेतृत्व विकास तथा नेता जन्माउन एउटा तालीम कार्यक्रम आयोजना गरिने छ ।

- **वकालत कार्यः** परिवारहरुका धेरै खाले मागहरुलाई पुरा होउन भन्ने सुनिस्चित गर्न जील्ला, क्षेत्र र राष्ट्रियस्तरका अभियान सञ्चालन गरिने छ । यसमा सत्य तथा प्रतिकारात्मक न्याय र उनीहरु पिडामा परेका कारणले गुमेको आर्थीक तथा सामाजीक अधिकारको पुनर्स्थापना समेत पर्दछन । यो कामलाई निम्न तरिकाले समर्थन पुर्‍याईने छ :

- **पारिवारीक विवरणः** पारिवारिक संगठनहरुले भर्नेगरि सबै वेपत्ता परिवारका आवस्यकता समेटिने एउटा मानक सहितको फारम तयार पारिने छ जसलई ती जील्लाका सकेसम्म धेरै पिडितहरुलाई भर्न लगाईने छ । यसले वेपत्ता परिवारका मागको एउटा चित्र तयार पार्न सहयोग हुनेछ जसलाई सरकार र अन्य चासो राख्ने पक्षसामु प्रस्तुत गर्न सकिनेछ ।

- **सम्वोधन घोषण पत्र :** राष्ट्रिय तहामा पारिवारीक विवरणको तथ्याँक तथा पारिवारिक संगठनका अन्य अनुभवहरुलाई समेटेर एउटा समवोधन घोषण पत्र (ऋजबचतभच ायच च्भमचभककo तयार पार्न प्रयोग गरिने छ जुन देशका उच्च निकायमा प्रश्तुत गरि वकालत अभियानमा प्रयोग गरिने छ ।

- एउटा सहभागितामुलक अभिलेखिकरण परियोजना तयार पारिने छ जसले परिवारहरुलाई आफ्नै कथा, द्वन्दका कथा, पिडितिकरण र त्यसका प्रभावसंग जुध्न उनीहरुले गरेका प्रयास समेटिने गरि लेख्ने शिप तथा साधनहरुको व्यवस्था गरिने छ । यसले "भुँईको ईतिहास" बनाउने छ त्यसले पिडितहरुका दृष्टिकोण झल्काउने मात्र होईन संक्रमणकालिन न्यायका प्रक्रियाका सत्य अन्वेषण तथा वेपत्ता छानविन आयोगको गठनप्रक्रियामा समेत सहयोग पुग्ने छ ।

**सहयोगको आवस्यकता**

नेफाडसंग यसको स्थापना गर्ने र यसलाई टिकाउने परिवारहरुले लगाएको समय र प्रयास तथा वितेका दुईबर्षमा यसले पाएका केही वाहिरी सहयोग वाहेक कुनै स्रोत छैन । नेफाडले आइसिआरसी, आईसिटिजे , ओएचसिएचआर, आइसिजे,  ईन्सेक, एडभोकेसी फोरम, एम्नेष्टि नेपाल, दि वर्गोफ फाउण्डेशन र बाट सहयोग पाएको छ जसले अहिलेको सञ्जाल सिर्जना गर्न र जारी गतिविधिहरु सञ्चालन गर्न मद्धत पुगेको छ । मध्यकलिन तथा दिर्घकालीन रुपमा यसका प्रस्तावित गतिविधि सञ्चालन गर्न नेफाडका लागि तथा सञ्जाललाई टिकाउन यसले दिर्घकालिन समर्थन र सहयोग खोजीरहेको छ । यो सञ्जालको क्षमता अभिवृद्धि गर्न तथा दैनिक गतिविधि सञ्चालन गर्न आवस्यक पर्ने धेरै पक्षमा आर्थिक तथा प्राविधिक दुवै सहयोगका रुपमा हुनेछ ।

नेफाड प्रशासनीक तथा आर्थिक रुपमा सफल होस भन्नका लागि प्राविधिक सहयोग चाहिने हो : जील्लास्तरमा पारिवारीक संगठनसंग परियोजना व्यवस्थापन गर्न र कोष व्यबस्था गर्न प्राविधिक क्षमताको कमि छ । नेफाड आफ्ना सञ्जाल सक्रिय रहेका सबै तहमा नागरिक समाजको सक्रिय हिस्सा बन्न चाहन्छ तर यसका लागि सञ्जालमा संलग्न रहेका परिवारहरुसंग-थोरै अपवाद वाहेक- नागरिक समाजसंग प्रभावकारी रुपमा पहुँच कायम गर्न र सहकार्य गर्न आवस्यक शिप र सम्पर्क नै छैन । नेफाडले नागरिक समाजका भित्रियाहरुसंगबाट, जसको राम्रो सम्पर्क सम्वन्ध पनि छ तथा जो द्वन्दोत्तर समयमा पिडितहरुले महत्वपूर्ण कर्ताका रुपमा भूमिका खेल्न सक्छन भन्ने तिर सहानुभूतिपूर्वक हेर्छन तथा जसले उनीहरुलाई अंशकालीन काम गरेर पनि सहयोग गर्न सक्छन्, बाट सहायोग लिन सक्छ । यस्तो सहयोग जील्ला तथा क्षेत्रीयस्तरमा बढि प्रभावकारी हुनसक्छ जहाँ क्षमता एकदम कमजोर छ तथा पिडितहरुले आफुहरु नागरिक समाजसंग गाँसिन नसकेको अनुभव गर्छन ।

नेफाडका गतिविधिहरु र अपेक्षाहरुका बारेमा दाताहरुसंग गर्ने छलफलका लागि, जो यसलाई सहयोग गर्न ईच्छुक छन्, यो योजना एउटा क्रमभङ्गको विन्दू बनोस भन्ने नेफाडको चाहना छ ।

**तात्कालीन योजना**

**१) अभियान**

- काठमाण्डौमा एउटा राष्ट्रिय छलफल भेलाको आयोजना ( परिवारका प्रतिनिधिहरुका तर्फवाट अरु सरोकारवालाहरु जस्तै दाताहरु, गैससहरु र सञ्चारमाध्यम), शान्ती मन्त्रालय र प्रधानमन्त्रीलाई ज्ञापन पत्र बुझाउने ।
- काठमाण्डौमा जील्ला तथा क्षेत्रिय तहसंग जोड्ने गरि नीतिगत लविङ् (तलबाट माथितिरको अवधारणा) ।
- जागरण तथा रेडियो कार्यक्रम (नीयमित पैरवीको कार्य)

**२) नेतृत्व तथा तालीम**

- पैरवीका कार्य गर्न पारिवारिक संगठनहरुको क्षमता विकास
- रणनीतिक नेतृत्व तालीम
- महिला नेतृत्व तालीम :

महिलाहरुका लागि नेतृत्व तालिम (क्षेत्रीय सञ्जाल तथा जील्ला पारिवारीक संगठनका प्रतिनिधिहरु), जसले तालीम पछि वेपत्ता का श्रीमती तथा आमाहरु समेत सहभागी हुने गरि राष्ट्रिय महिला सम्मेलनको आयोजना गर्नेछन् ।

- सबैप्रकारका सरोकारवालहरुसंग सम्वन्ध विस्तार, सञ्जाल विस्तार तथा संयोजन ।

**वकालत लविङ् तथा अभियान**

तालीममा नेतृत्व क्षमता, सार्वजनीक मञ्च र अवसरमा आफ्ना मुद्धा राम्रोसंग प्रस्तुत गर्न सक्ने पैरवी तथा लवि क्षमता, सञ्चार, नीतिगत मञ्च जसले उनीहरुके क्षमतालाई प्रभावकारी तथा दक्षतापूर्वक नीतिनिर्माताहरु समक्ष प्रस्तुत गर्न सक्षम बनाउँछ, असल नेता हुनसक्ने, भूमिका र दायीत्व बुझ्नसक्ने खाले विषयहरु समावेश गरिनेछन् ; तालीमले दक्ष लेखन, ईमेल, भाषण, पावरप्वाइण्ट प्रस्तुती, अन्तरवैयक्तिक सञ्चार क्षमता, अनुशासन, जीवनशैली मुल्याङ्कन तथा आत्म समिक्षा गर्ने विषय समेत समेट्ने छ । यो कार्यक्रमका पक्षहरुको अन्तीम लक्ष्य भनेको नेताहरुलाई त्यस्तो क्षमता भएका बनाउनु हो जसले सरोकारवालाहरुसंग रुपान्तरणको प्रक्रियामा सरकारी तथा गैरसरकारी तहमा बन्ने नीतिहरुलाई प्रभाव पार्ने गरि प्रभावकारि रुपमा आफ्ना मुद्धाहरुका पक्षमा पैरवी र लवि गर्न सक्षम होउन ।

**३) सहयोग**

**क) सचिवालय सहयोग**

-प्रशासनिक/संयोजन सहयोगः

१) काठमाण्डौको सचिवालय (यसले मध्य तथा पस्चिम क्षेत्रलाई ओगट्छ)

२) इटहरी (पूर्वी क्षेत्र) र

३) गुलरिया (मध्यपस्चिम तथा सुदुर पस्चिम

-नेपाली र अँग्रेजी दुवै भाषामा नेफाडको परिचय पुस्तीका

-समाचार वुलेटिनको प्रकाशन (प्रस्तावित नामः उत्तरजिवी)

**ख) उत्तरजिवी परिवारका सदस्यहरुका लागि मनो सामाजीक तथा जीवीकोपार्जन सहयोग :**

यस्तो गतिविधिको लक्ष्य द्वन्दका कारण आफ्नो जीवीकोपार्जन र सामाजीक सहानुभूती गुमाएका मानिसहरुका लागि आफ्नो कारोवार र जीवीकोपार्जनका स्रोतहरुमा पुन फर्कन तथा आफ्ना आयआर्जनका काम फेरि थालेर स्वतन्त्र बन्दै पिडाबाट मुक्त हुन सघाउनु हो ।

ग) मनोसामाजीक सहयोग(मसास) मा पहुँच बढाउनु

राम्रो मनोसामाजीक सहयोगमा पिडितहरुको पहुँचका लागि क्षमता बढाउनुतिर लक्षित गर्दै ३ वटा सामाजीक मनोचिकित्सा केन्द्र (काउन्सीलीङ सेन्टर)हरु बनाउने तथा ३ जना क्षेत्र आधारित र १२ जना जील्लामा आधारित सहजकर्तालाई तालिम दिने । सामाजीक मनोचिकित्सा धक्का या डर, बालवच्चाप्रति वेवास्ता तथा मानसिक विमारीसंग सम्वन्धीत हुनेछ । काउन्सीलीङ केन्द्रमा उपचार हुन नसकेका केसहरुलाई सम्वन्धीत सेवा प्रदायककहाँ पठाउने । यी सहयोग सेवाहरुमा भावनात्मक तथा भोतिक सहयोग पनि पर्ने छन् जस्तै कि : परिवारहरुको भेटघाट तथा वैठकहरुको आयोजना ।

**घ) जीवीकोपार्जन सहयोग :**

१) व्यावसायिक तालिमहरु, रोजगारि सिर्जना, सानो व्यवसाय र कृषिका लागि सहयोग गरेर जीवीकोपार्जन सहयोग पुर्
याउने :

- परिवारका सदस्यहरुलाई तालिम (रेडियो पत्रकारिता तालिम, कम्प्युटर तालिम, वैंकिङ् तथा वित्तिय, सहकारी व्यबस्थापन तालिम आदि)

- लघुवित्त, लघु आर्थिक गतिविधि र साना सहकारीहरु

**-पिडित कोष-**

परिवार आपत्कालीन कोष (स्वास्थ्य, शैक्षिक तथा अन्य सहयोय) : यसले समाजको सबैभन्दा जोखिममा रहेको समुहलाई वचाउने प्रयास गर्छ, खासगरि प्रभावमा परेका बालवालिका र पाकाहरुलाई शिक्षाका माध्यमबाट समाजमा पुनर्स्थापित गराउने । घटनाका आधारमा यो कोषले आपत्कालमा जीवन बचाउन पनि सहयोग पुर्याउने छ ।

**२) अभियान तथा जीवीकोपार्जन सम्वन्धी मुल योजनाः**

मानवाधिकार मुखि परियोजना, जनताका अपेक्षा र जीवीकाको विविधतालाई ध्यानदिँदै पशुपञ्छि पालन, तरकारी खेती तथा परिचालन कार्यक्रमहरु आर्यआर्जनक कार्यक्रमका रुपमा सञ्चालन गर्ने, मुल परियोजना विस्तारित आजीवीका सहयोग कार्यक्रमका लागि अनुभव हासील गर्ने कुरालाई लक्षित गरेर मुल परियोजना थालनि गरीनेछ, जसमा जनताको जीवीका र सामना गर्ने रणनीतिका बारेमा राम्रो वुभ्काई पनि यसमा समावेश हुनेछ । त्यसपछि क्षमता विकास पहल र अभियान आधारित हस्तक्षेपका रुपमा मुल परियोजनाको खाका तयार पारि लागु गरिनेछ ।

**ङ) सहभागितामुलक अभिलेखिकरण र स्मृती कार्यहरु :** जील्लास्तरिय संगठनहरुलाई वेपत्ताको अभिलेख राख्ने, सम्भावित चिहान तथा अरु त्यस्तै सुचना जसले अन्ततः वेपत्ताको मुद्धा सल्टाउन सहयोग गर्छन, बारे अभिलेख तयार पार्न तालिम दिईने छ । यस्तो धेरैभन्दा धेरै जील्लाहरु सहभगि हुने गरी संयोजीत सहभागितामुलक अभिलेखिकरण प्रक्रियाले राष्ट्रिय रुपमा नै यसलाई यसको (वेपत्ता) स्थिती खुलस्त पार्ने छ । यस्तो कामलाई स्थानिय रुपमा संस्मराणत्क गतिविधिसंग (Memorialisation) जोडिने छ जसले वेपत्ता भएका हरुलाई सम्मान मिल्ने छ तथा समुदायमा तीनका परिवारको अवस्थावारे समभ्कदारी बढ्ने छ ।

**नेफाड (NEFAD)** नेपालमा  जर्वजस्त वेपत्ता पारिएका तथा हराईरहेकाहरुका क्षेत्रमा काम गर्ने एउटा स्वतन्त्र राष्ट्रियस्तरको संगठन हो जसमा वेपत्ता व्यक्तिका परिवारहरु संलग्न छन् र उनीहरुले नै नेतृत्व गरिरहेका छन् । यो विविधता युक्त सामाजीक पृष्ठभूमि भएका तथा जातीय समुदायका प्रतिनिधिहरुले बनेको छ ; यो राजनीतिक रुपले स्वतन्त्र छ तथा विभिन्न राजनीतिक पृष्ठभूमि भएका र कतै पनि संलग्न नभएका समेत यसमा संलग्न छन् । नेफाडसंग आवद्ध प्रत्येक जील्ला स्तरका पारीवारीक संगठनहरुको स्तन्त्रता, विस्वशनियता र वैधताको स्थापित अभिलेख छ । नेफाड गैर नाफा मुलक मानवीय संगठन हो जसको स्थापना वेपत्ता परिवारहरुको संगठनबाट नोभेम्वर २००९ मा भएको हो । यसका कार्यहरु यसका सदस्यहरुको प्रयास तथा नेपाल भित्र र वाहिरका व्यक्ति तथा संगठनहरुको सहयोगमा भरपर्छ । नेफाडका संस्थापक सदस्यहरु द्वन्दपिडित समिति-बर्दिया र सिएसजे लमजुङ्ले मिलेर गरेका हुन जसमा जील्ला र क्षेत्रीय स्तरका संगठनहरु जो द्वन्दोत्तर अवस्थामा उत्तरजिवी परिवारहरुका सत्य, न्याय,  परिपुरण तथा शान्तीपूर्ण रुपान्तरणको अधिकारका लागि संगठित भएका थिए । नेफाड वेपत्ता व्यक्तिहरुको सवालमा आईसिआरसि र आईसिटिजे नेपाल संग निकटमा रहेर कार्यगर्दै आएको छ साथै संक्रमणकालनीन न्याय वकालत समुह (TJ Advocacy Group) संगै नीतिगत लविङ्मा काम गरिरहेको छ ।

**बेपत्ता परिवार राष्ट्रिय सञ्जाल नेपाल**

**National Network of Families of Disappeared & Missing Nepal**

POST-WAR RECONSTRUCTION & DEVELOPMENT UNIT

**नेफाड (NEFAD)** नेपालमा  जर्बजस्त बेपत्ता पारिएका तथा हराईरहेकाहरुका क्षेत्रमा काम गर्ने एउटा स्वतन्त्र राष्ट्रियस्तरको संगठन हो जसमा बेपत्ता व्यक्तिका परिवारहरु संलग्न छन् र उनीहरुले नै नेतृत्व गरिरहेका छन् । यो विविधता युक्त सामाजीक पृष्ठभूमि भएका तथा जातीय समुदायका प्रतिनिधिहरुले बनेको छ ; यो राजनीतिक रुपले स्वतन्त्र छ तथा विभिन्न राजनीतिक पृष्ठभूमि भएका र कतै पनि संलग्न नभएका समेत यसमा संलग्न छन् । नेफाडसंग आवद्ध प्रत्येक जील्ला स्तरका पारीवारीक संगठनहरुको स्तन्त्रता, विस्वशनियता र वैधताको स्थापित अभिलेख छ ।

नेफाड गैर नाफा मुलक मानवीय संगठन हो जसको स्थापना बेपत्ता परिवारहरुको संगठनबाट नोभेम्बर २००९ मा भएको हो । यसका कार्यहरु यसका सदस्यहरुको प्रयास तथा नेपाल भित्र र बाहिरका व्यक्ति तथा संगठनहरुको सहयोगमा भरपर्छ । नेफाडका संस्थापक सदस्यहरु द्वन्दपिडित समिति-बर्दिया र सिएसजे लमजुङ्ले मिलेर गरेका हुन जसमा जील्ला र क्षेत्रीय स्तरका संगठनहरु जो द्वन्दोत्तर अवस्थामा उत्तरजिवी परिवारहरुका सत्य, न्याय,  परिपुरण तथा शान्तीपूर्ण रुपान्तरणको अधिकारका लागि संगठित भएका थिए । नेफाड बेपत्ता व्यक्तिहरुको सवालमा आईसिआरसि र आईसिटिजे नेपाल संग निकटमा रहेर कार्यगर्दै आएको छ साथै संक्रमणकालनीन न्याय बकालत समुह (TJ Advocacy Group) संगै नीतिगत लविङ्मा काम गरिरहेको छ ।

Ram Kumar Bhandari
NEFAD Nepal
GPO Box No. 8248
Anamnagar
Kathmandu

nefad.nepal@gmail.com
csj.lamjung@gmail.com
nefad.wordpress.com

Simon Robins
Post-war Reconstruction and Development Unit
University of York
York YO10 5DD, UK

simon.robins@simonrobins.com
www.simonrobins.com